## प्रदेश सभा  गण्डकी प्रदेश विशेष अधिवेशन

## (छैटौं बैठक)

## मिति २०७७/१०/०४ गते,  अपरान्ह ३.०० बजे

आज मिति २०७७/१०/०४ गते दिनको ३::२३ बजे गण्डकी प्रदेश, प्रदेश सभाको विशेष अधिवेशनको छैटौ बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीकोज्यूको अध्यक्षतामा प्रारम्भ भयो।

**माननीय सभामुखः** माननीय सदस्यहरु,  आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु,  सर्वप्रथम माननीय कृष्णचन्द्र नेपाली पोखरेलले दर्ता गर्नुभएको संकल्प प्रस्ताव माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहानुहुने प्रत्येक माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ- आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु ।

सर्वप्रथम,  माननीय सदस्य श्री दिलमाया रोका मगरलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य सरिता गुरुङ।

**माननीय दिलमाया रोका मगरः** माननीय सभामुख महोदय, आज हामी प्रदेश सभामा कोभिड उन्नाइस बिरुद्धको महाब्याधिसँग लड्न र कोरोनाको दुष्प्रभावबाट नागरिकलाई स्वस्थ राख्न सर्वदलीय सहमतिको साझा दस्तावेज संङ्कल्प प्रस्ताव माथि छलफल गर्दै छौँ। यतिबेला सिङ्गो मुलुक कोभिड उन्नाइसबाट ग्रसित बनेको छ। कतिबेला कसलाई कोभिडले संक्रमण गर्ने हो सबैको अनिश्चिततामा नै रहेको छ। अनिश्चिततामा समय व्यतित गर्दा सबैको दिमागमा त्रास पैदा भएको छ।  हिजोका दिनमा रोगका बारेमा कुरा हुन्थ्यो भने आजका दिनमा स्वास्थ्यको बारेमा हामी सबै चिन्तित छौँ।

यतिबेला नागरिकलाई सहानुभूति चाहिएको छ। यो गरिमामय सदन यो समाजको दर्पण हो  र राजनीतिज्ञ भनेको भरोसा निर्माण गर्ने पात्र हो जस्तो मलाई लाग्छ त्यसैले संकटको बेलामा यो सदन बोल्नुपर्दछ र आवश्यकताको पहिचान र समस्याको निकासका लागि प्रदेश सरकारले जे जति उपलब्ध श्रोत र साधनको सदुपयोग र व्यवस्थापन गऱ्यो अहिलेको आवश्यकता र भैपरि आउने संकटमा आफैमा पूर्ण थिएन र पनि प्रदेश सरकारबाट जे जति प्रयासहरु भए राम्रैको लागि भएको छ। सभामुख महोदय, कोभिड उन्नाइसको रोकथाम र व्यवस्थापनमा संघ सरकारको मुख्य जिम्मेवारी रहेको छ।  संघ सरकारबाट जे जति प्रयासहरु भएका छन् अहिलेको बाध्यात्मक आवश्यकतामा कोभिडको रोकथाम र नियन्त्रणमा जति  तिव्रता हुनुपर्ने थियो त्यसमा ढिलासुस्ती भएको महसुस भएको छ।  गण्डकी प्रदेश सरकारले संघ सरकारको सहयोगमा संक्रमण रोग हस्पिटल र ल्यावहरुको व्यवस्थापन गरेको छ। त्यसले नागरिकलाई सहजता पैदा गरेको छ। अहिले विद्‌यमान परिस्थितिलाई मध्यनजर गर्दै साझा दस्तावेजको रुपमा संङ्कल्प प्रस्तावमा जे जति कुराहरु उल्लेख गरेको छ यो आजको आवश्यकता हो। त्यसको कार्यान्वयन कार्यान्वयनले पूर्णता पाउनेछ। पक्कै पनि यो प्रस्तावमा उल्लेख गरिएका बुँदाहरु सहमतिको लागि मात्र नभएर नागरिकको स्वास्थ्यप्रति र अहिले यो आवश्यकता अनुसार वैज्ञानिक छ भन्ने लाग्छ तर यसको कार्यान्वयनमा मलाई लाग्ने कुरा हामी बोलिरहँदा, पढ्दा र सुन्दा जति सहज छ यसको कार्यान्वयन गर्दा र प्रकृया पूरा गर्दा महिनौ बित्छ। यसको लागि हिजोदेखिको जुन प्रशासनिक संरचना छ यसको परिवर्तन नभए सम्म हामीले चाहेको र कल्पना गरेको परिवर्तनको प्रत्याभूति दिन कति सहज र सरल हुन्छ यसरी कति सम्भव हुन्छ यतातिर पनि ध्यान दिन जरुरी छ भन्ने लाग्छ। सभामुख महोदय, अर्को कुरा कोभिड उन्नाइसको रोकथाम र नियन्त्रणको लागि गण्डकी

प्रदेश सरकारले गरेका पहल र व्यवस्थापनको विषयमा माननीय सामाजिक विकास मन्त्रीज्यूले राखिसक्नुभएको छ। सरकारको पहल र व्यवस्थापनले नागरिकलाई सहजता पैदा गरेको छ तर पनि गुनासोहरु आउँछन् सरकारी हस्पिटलमा व्यवस्थापन राम्रो भएन। सरकारीमा डाक्टरहरु बिरामीलाई छुन डराउँछन्। प्राइभेटमा डाक्टरहरु बिरामी नजिकबाट भएर उपचार गर्छन्। किन यस्तो हुन्छ सरकारी जागिर भन्दा मान्छेहरु हुरुक्कै हुन्छन् । सके सम्मको पहुँच र पावर लगाएर सरकारी जागिर खान्छन् तर सेवा दिन नसक्ने यसको अन्त्य कहिले र कसरी हुन्छ हामी यसको अन्त्य कसरी गर्न सक्छौँ । यस्ता व्यवहारिक पक्षहरुमा पनि सरकारको ध्यान जावोस् र यसले गर्दा व्यवस्थापकीय समस्याहरुमा सुधार हुँदै जानेछ भन्ने कुराहरु पनि मैले विश्ववास लिएको छु। सभामुख महोदय, पछिल्लो समय राष्टिय राष्टियताका मुद्धा पनि निकै उठ्ने गरेको छ। मलाई लाग्छ राष्टियता कमजोर हादा मुलुकको राष्टिय स्वाधिनता स्वतः कमजोर हुन जान्छ त्यसैले नेपालमा संविधान, कानून र नीति/ नियम सही हुँदा हुँदै पनि वैज्ञानिक कार्यान्वयनमा दृढता नहुँदा हामीले चाहेको र परिकल्पना गरेको परिवर्तन र संवृद्धिको सपना पूरा हुन सकेको छैन। अन्ततः नेपाली समाजको ऐतिहासिक विकासक्रमलाई हेर्दा के देखाउँछ भने प्रारम्भदेखि नै अन्यायपूर्ण जगमा विकास भएको प्रदेश संरचनाको परिणामस्वरुप खासमा श्रम गर्ने वर्ग सधै गरिबीको रेखामुनि हुँदा मुलुकको उत्पादन र अर्थतन्त्रमा ठूलो क्षति पुगेको छ। हाम्रै समाजमा कतिपय मानिस खर्च गर्ने ठाउँ नपाएर भौतारिरहेका छन् भने कोही प्राण धान्नको लागि काखीमा बच्चा च्यापेर कठोर ज्यालादारी गर्न बाध्य छन्। समाजमा जो गरिब छ उनै अशिक्षित छन् जो गरिब छ रोजगारी लगायत आर्थिक क्रियाकलापमा उसैको संलग्नता छैन त्यसैले अब राज्यको दृष्टिकोणमा पनि परिवर्तन आउन जरुरी छ। नेपालको लोकतान्त्रिक व्यवस्था र लोकतन्त्र आफैँमा विधिको

शासन हो भन्दै गर्दा संविधानको मौलिक हकमा सुरक्षित गरेको शिक्षा, स्वास्थ्य लगायतका अधिकार सुनिश्चिताको लागि त्यसको प्रभावकारी कार्यान्वयन  नै समाधान हो भन्ने लाग्छ। सभामुख महोदय, यसरी हेर्दा हाम्रा संविधान, ऐन, कानूनहरु जति सुन्दर छन् त्यसको कार्यान्वयन नहुँदा मुलुक अस्थिरतातिर गएको छ। सहमतिमा बनाएको संविधान र यसको कार्यान्वयनको सन्दर्भमा जुन चर्चा चल्दै गरेको छ  जुन कुराहरु उठ्दै गरेको छ मलाई लाग्छ राष्टियता र स्वाधिनताको पक्षमा हामीले कुरा गरिरहँदा हामीले संविधानको कार्यान्वयनको कुरा गरिरहँदा र हामीले देशमा स्थायी शान्तिको कुरा गरिरहँदा हामी हाम्रा नेताहरु कतै मनोगत भएर पो यो अस्थिरता भयो कि भन्ने मलाई लाग्छ त्यसैले इतिहासमा जुन गल्ती / कमजोरीहरु हुने गरेको छ जनताको कारणले अवश्य पनि भएका छैनन्। आफ्नै कारणले जनता माथि धोकाहरु हुने गरेका छन्। यी र यस्ता गल्ती कमजोरीहरु दोहोरिन नदिनका लागि संविधान, ऐन र कानूनको प्रभावकारी कार्यान्वयन अहिलेको आवश्यकता र समाधान हुन सक्छ भन्ने मलाई लाग्छ र अहिलेको समस्याको समाधान पनि हो त्यसैले संविधानको सर्वोच्चतालाई हामीले नजरअन्दाज गरिनु हुँदैन। यसको प्रभावकारी कार्यान्वयनमा हामी सबै जुट्नपर्छ र देशलाई स्थायीत्वतिर लैजानुपर्छ। हामी सबै एकजुट भएर हामीले चाहेको संवृद्धि र परिवर्तन सम्भव छ भन्ने मलाई लाग्छ। यति भन्दै अन्तमा जुन सहमतिमा संकल्प प्रस्ताव आएको छ जुन समय र परिवेशमा आएको छ अहिलेको यो आवश्यकता हो र यसको प्रभावकारी कार्यान्वयन, सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दै मैले आफ्नो भनाइ यही अन्त्य गर्न चाहन्छु धन्यबाद।

**माननीय सभामुखः** माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री राजिब पहारी ।

**माननीय सरिता गुरुङः** माननीय सभामुखज्यू, यस सम्मानित सभामा प्रदेश सभा नियमावलीमा व्यवस्था भए अनुसार संङ्कल्प प्रस्ताव सम्बन्धी छलफलमा भाग लिन प्रस्तुत यस ऐतिहासिक विशेष अधिवेशनमा प्रस्तुत भइरहेको छु। माननीय सभामुखज्यू, विश्व महामारी कोरोना भाइरस चिनको युहानबाट सुरु हुँदै विश्वमा फैलिएको एक वर्ष नाघिसकेको छ। त्यसमा नेपाल पनि अछुतो हुन सकेन। तैपनि आज हामी यो संकल्प प्रस्ताव एउटा महत्त्वपूर्ण प्रस्तावमा सर्वदलीय पेश भएको छ। यसमा सर्वप्रथमतः यस कोरोना भाइरसबाट गण्डकी प्रदेशका करिव २४ लाख जनताले पक्कै पनि राहात पाउनेछ भन्ने हिसावले लिएको छु। माननीय सभामुखज्यू, कोरोना भाइरस विश्व महामारी रोग सम्बन्धी नेपाली काँग्रेसले एउटा जिम्मेवार प्रतिपक्षको हिसावले धेरै पटक पटक / पटक यो सदनमा उठाएको थियो किनभने सरकार सत्ताको हुन्छ सदन प्रतिपक्षको हुन्छ र जनताको समस्या समाधान गर्ने थलो भनेको सदन हो त्यसैले नेपाली काँग्रेसले यो आवाज धेरै पल्ट उठाइराखेको थियो। माननीय मुख्यमन्त्रीज्यूलाई यस सम्बन्धी ज्ञापनपत्र बुझाएको थियो। लकडाउनको अवस्थामा पनि नेपाली काँग्रेसले धेरै ज्ञापनपत्रहरु, सल्लाह/ सुझावहरु दिइराखेको थियो। चाहे त्यो सल्लाह / सुझाव होस चाहे त्यो आर्थिक दृष्टिले होस् चाहे बन्दुक चाहे अन्य अनुभवी जुन सुकै कारणले पनि गर्दा गर्दै पनि यो कोरोना भाइरस चाहि यो रोकथाम गर्ने सरकारको ढिलासुस्ती थियो। तैपनि यति भनिरहँदा माननीय सभामुखज्यू, केन्द्रीय सरकारको तुलनामा

गण्डकी प्रदेशको केही सकारात्मक सूचकहरु पनि नदेखिएको होइन देखिएको थियो तर जति मुखले भनेको थियो जति गर्छु भन्ने प्रतिवद्धता जाहेर भएको थियो यो सरकारले तर त्यो  चाहि जनमुखी थिएन र त्यो व्यवहारिक त्यो आइसकेको थिएन त्यसैले होला यहाँ धेरै गण्डकी प्रदेशका नेपाली जनताहरुले नागरिकहरुले अकालमा जिउ गुमाउनु पर्‍यो। साँच्चै नै भनिरहँदाखेरि माननीय सभामुखज्यू, सबैलाई यसले मर्माहित गरिराखेको छ। त्यसमा पनि तनहुँ जिल्लामा  धन्यन्त राम्रो बुद्धिजिबी राजनीति परिवारको समाजसेवी एकाघरको तीन जनाले एकैछिनमा ५ दिन भित्र ३ जनाले ज्यान गुमाउनुपर्‍यो। त्यतिखेर साँच्चै नै तनहुँबासीलाई एउटा इटलीको झझल्को गरायो त्यसैले यदि मलाई लाग्छ यस्ता घटनाहरु धेरै थिए। धेरै भएको थियो। तैपनि त्यति हुँदाहुँदा पनि यदि सरकारले बेलामा कोरोना सम्बन्धी  यो कोरोना भाइरस कोभिड नाइन्टिन सम्बन्धी  सचेत हुनलाई र जति हामीले मौखिक बोलेको थियो र जति हामीले त्यो कागजी रुपमा गरेको भएता पनि त्यसलाई व्यवहारमा लागू गरेको भए त्यतिका जनताले चाहि आज अकालमा जिउ गुमाउनुपर्ने थिएन। जिउ गुमाउनु त गुमायो गुमायो कतिपय गरिबहरुको घरखेत पनि भयो। डेढ लाख नभइकन हस्पिटलमा भर्ना हुन नसकिने त्यसमा हेरालो त्यही बस्न पर्ने त्यो सबै कुराहरु भएको हुनाले घरखेत पनि भयो जिउ ज्यान पनि गुमाउनु पर्‍यो। यी सबै कुराहरुलाई स्मरण नेपाली काँग्रेसले धेरै पहिलाबाट गरिराखेको थियो जब यो कोरोना भाइरसको कुराहरु आएको थियो। त्यसो भएको हुनाले हामीले यो छैटौँ अधिवेशनमा वर्खे अधिवेशनमा नेपाली काँग्रेसले यस कोराना सम्बन्धी एउटा सङ्कल्प प्रस्ताव पेश गरेको थियो। मलाई लाग्छ यो सङ्कल्प प्रस्ताव नेपाली काँग्रेसले पेश गरिरहँदाखेरि नेपाली काँग्रेसको जनतालाई मात्रै

पक्कै होइन। गण्डकी प्रदेशको सबै २४ लाख जनसंख्यालाई हो भन्ने कुरा त्यतिखेर मनन गरिदिएको भए अलि अलि इटलीको झझल्को देख्न पर्थेन किनभने यी सबैको लागि हो र नेपाली काँग्रेसले त्यो गर्दाखेरि एउटा मजामा उडाइदियो सरकारले एउटा हाँसोको रुपमा उडायो। अनि त त्यति भइरहँदाखेरि यसको पुग्न पनि पुगेन गर्न पर्थ्यो भएन हुन पर्थ्यो भएन भन्यो। जे सुकै भए पनि त्यसको उद्धेश्य त राम्रो थियो नि त । त्यसको उद्धेश्य  राम्रो थियो गर्दै जाँदाखेरि कहिलेकाँही टेक्निकल फेल हुन सक्छ। त्यसमा केही कुराहरु नपुग्न सक्छ। यस्तो प्रतिपक्षको भूमिका असाध्यै राम्रो हो तर प्रतिपक्षले गर्नुपर्ने भूमिका निभाउन सकेन । अलिकति त्यसमा परि पुर्‍याउन सकेन। त्यसलाई चाहि पुर्‍याउन पर्छ भन्दै सरकारलाई फेरि गरायो तर नेपाली काँग्रेस सधैँ जनताको पक्षमा बोल्ने र जनतालाई हित गर्ने पार्टी भएको कारणले हाम्रो मन हारेन र मलाई पत्रकार मित्रहरुले पनि यो संङ्कल्प प्रस्ताव फेल भएपछि त्यहाँ बाहिर सोध्नुभएको थियो कस्तो लागिरहेछ माननीयज्यू सङ्कल्प प्रस्ताव यो त तपाईहरुले जनताको हितको लागि प्रस्ताव पेश गरेको तर फेल भयो नि त भन्नुभयो। यहाँ आएपछि फेल / पास भइहाल्छ हाम्रो मन सानो भएको छैन किनभने हामीले जनताको लागि उठाएको हो। कुनै एक जनाको पदको लागि हामी लडाभाति गरेको होइन। राम्रो उमेदबारको राम्रो घोषणापत्र भयो भने कहिलेकाही उमेदवार हार्छ तर आफ्नो घोषणापत्रमा लिपिवद्ध भएको कुरा चाहि त्यो उमेदवारले छोड्दैन। त्यो आफ्नो आवाज राखिराखेको हुन्छ। त्यस्तै नेपाली काँग्रेसले पनि यो संङ्कल्प प्रस्तावको बारेमा अहिले हामी फेल भए पनि कोरोना भाइरस सम्बन्धी छोड्ने छैन भनेर मैले  यो कुरा मैले मेरो जवाफ दिएको थियो। साँच्चै नै माननीय सभामुखज्यू , सत्य डग्दैन कलि टक्दैन भने

जस्तै फेरि हाम्रो एकदम दिन आयो । ढिलै भए पनि सरकारले यसलाई महसुस गर्नुभयो। सबै पार्टीले यो साँच्चै नै नेपाली काँग्रेस पार्टी जनताको लागि मात्रै होइन रहेछ। यो चाहि सबै पार्टीको लागि रहेछ भनेर नेपाली काँग्रेस र जनता समाजबादी दलले चाहि यहाँ पेश गरेको सङ्कल्प अहिले नेकपा र संयुक्त जनमोर्चाले पनि यसलाई चारै दलले यो प्रस्तावमा समर्थन जनाउनुभयो। हामी असाध्यै खुसी छौँ र मेरो व्यक्तिगत पनि म असाध्यै खुसी छु किनभने साँच्चै नै अब कोरोनाबाट चाहि यो प्रदेशको जनताले ढिलै भए पनि राम्रो निर्णय भएको छ राहात पाउनेछ भन्ने बारेमा ढुक्क छु। त्यसैले आगामी दिनहरुमा यस्तो कुराहरुमा हामी सबै जनप्रतिनिधि भनेको जनताको एउटा विश्वासको धरोहर हो। हामीले जनताको हक हितको लागि जनताको सुरक्षाको लागि हामीले जनताको प्रतिनिधि गरिराखेका छौँ। सँगै नेपालको २०७२ सालको संविधानमा जनताको स्वास्थ्य मौलिक अधिकारभित्र पर्छ। ती कुरा पनि पक्कै यहाँले मनन गर्नुभएको छ त्यसैले अब यो गण्डकी प्रदेशमा यसमा चाहे त्यो स्वास्थ्यकर्मीको दरबन्दीको कुरा होस् चाहे त्यो भौतिक पूर्वाधारको कुरा होस् चाहे त्यो किटको कुरा होस् चाहे त्यो पिसिआरको कुरा होस् मलाई विश्वास छ यो सक्दो संङ्कल्प प्रस्ताव पास भइसकेपछि यहाँ प्रतिपक्षले धेरै कराइराख्नु पर्दैन। प्रतिपक्षले धेरै पहिलाबाट कराएको हो। यो पक्कै पनि एउटा तिव्र गतिले जानेछ र जनताले पनि राहत पाउनेछ भन्ने शुभकामना व्यक्त गर्दै बिदा हुन्छु धन्यबाद जयनेपाल। **माननीय सभामुखः** माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य बिनोद के.सी.। **माननीय राजिव पहारीः** माननीय सभामुख महोदय, संङ्कल्प प्रस्तावको तर्फबाट प्रस्तावकले संङ्कल्प पेश गरिसक्नुभएको छ।

सरकारको तर्फबाट सामाजिक विकास मन्त्रीले सरकारले गरेका कामहरुको बारेमा धेरै कुरा राखिसक्नुभएको छ। पूर्ववक्ता विद्धान माननीयज्यूहरुले पनि धेरै कुरा राखिसक्नुभएको छ। म सवाल जवाफमा त्यति रुचि राख्दिनँ । हुन त यो संङ्कल्प प्रस्ताव प्रदेश सभाका सबै राजनैतिक पार्टीहरु जसले प्रतिनिधित्व गर्नुहुन्छ सबै राजनीतिक दलहरुबाट आएको साझा संङ्कल्प प्रस्ताव हो। यो संकल्प प्रस्तावको १३ वटा बुँदालाई मैले ३ पटक सम्म दोहोऱ्याएर पढैँ अध्ययन गरेँ। यो संकल्प प्रस्तावमा रहेका धेरै कुराहरु पूरा भइसकेका छन्। यो ८/९ महिना अगाडि यो प्रस्तावमा भएका ४/५ वटा कुराहरु हुन सकेका थिएनन्। त्यो ८/९ महिना अगाडिका कुराहरु सहित यहाँ दोहोरिएर आएका छन्। यो ८ महिनामा सेती नदीमा धेरै पानी बगिसकेको छ। सरकारले कोभिड उन्नाइस यो विश्वव्यापी महामारी हो। यो कोरोना भाइरसले हाल सम्म विश्व जगत् र मानव जातिले प्राप्त गरेका सम्पूर्ण नवीनतम् उपलब्धिहरुलाई नाकाम बनाइरहेको अवस्थामा र विश्वका अत्यन्त शक्तिशाली अनि विकसित मुलुकहरु हायलकायल भएको बेला सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले देशमा र गण्डकी प्रदेश सरकारले धैर्यता, संयमताका साथ माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा उच्च स्तरीय निर्देशक समिति बनाएर कोरोना भाइरस उपचार रोकथाम र नियन्त्रण गर्न रोग र भोकले प्रदेशका कुनै पनि जनतालाई समस्या नआओस् भनेर सिमित श्रोत साधनको बावजुत पनि विभिन्न समितिहरु गठन गरी प्रदेशका सबै अंगहरुलाई परिचालित गरी संघ र स्थानीय सरकारसँग समन्वय गरी आफ्नै जीवन हत्केलामा राखी माननीय मुख्यमन्त्रीज्यू, यो सरकार, स्वास्थ्यकर्मी , सुरक्षाकर्मीहरुले खेल्नुभएको भूमिकाको कारणले आज कोभिड उन्नाइस गण्डकी प्रदेशमा भयावह

अवस्थामा पुग्न पाएन र नियन्त्रण भित्रै छ र क्रमशः दिनप्रतिदिन कोभिड उन्नाइसको संक्रमण दर दिन दुई गुना रात चौगुनाको दरले घट्दै गइरहेको छ। मैले अहिले तथ्याङ्क पनि तपाईहरुको विचमा राख्न चाहन्छु। मलाई अहिले झलझली सम्झना आइरहेको छ ती दृष्य र विभिन्न जिम्मेवार व्यक्तिहरुको अभिव्यक्तिको याद आइरहेको छ। जब विदेशबाट आएकी एक जना महिला आमालाई २०७६ चैत्र १८ गते बागलुङ जिल्लामा कोभिड उन्नाइसको पुष्टि भयो। त्यसपछि डाँडामा बसेर कोरोना आयो कोरोना आयो। गण्डकी प्रदेशमा पनि कोरोना छिर्‍यो ल अब सब खत्तम हुने भइयो सिद्धियो। इटालीको जस्तो अवस्था हुने भयो, मरेको लास गाड्ने ठाउँ पनि पाइने भएन। कोरोना लाग्यो भने हस्पिटलको मुखै नदेखी जनता मर्ने भए भनेर बिस्कुन छर्ने मात्रै र बाजा बजाउने र शंख फुक्ने काम पनि गरियो। जनतालाई त्रसित, आतंकित र भयभित बनाउने काम गरियो। कोठाभित्र आफू सुरक्षित बसेर सामाजिक सञ्जालमा द्वेश फैलाउने काम पनि गरियो। त्यस्तो बेलामा अत्यन्त धैर्यता र संयमताका साथ कोभिड उन्नाइस बिरुद्धको यो लडाइमा गण्डकी प्रदेशको नेतृत्व गर्नुभएका माननीय मुख्यमन्त्री पृथ्बीसब्बा गुरुङ्गले प्रदेशको बैठक राखेर प्रदेशका सीमा नाकाहरुलाई संघ सरकार भन्दा पनि पहिल्यै ती नाकाहरुलाई कडाइ गर्ने, आवश्यक उपकरणहरु सिमानामा राख्ने व्यवस्था मिलाउनुभयो। बागलुङमा उपचार गराइरहेकी संक्रमित महिलालाई भेट्नको निम्ति आफै बागलुङ अस्पताल जानुभयो, उपचारमा खटिएका स्वास्थ्यकर्मी, लकडाउनमा खटिएका सुरक्षाकर्मीहरुलाई फिल्डमै खटेर मनोबल बढाउने काम गर्नुभयो। त्यो संकटको अत्यन्त चुनौतीपूर्ण अवस्थामा मुख्यमन्त्रीलाई आफूसितै पाउँदा खटिरहेका स्वास्थ्यकर्मी र सुरक्षमकर्मीले आफ्नो अभिभावक

/ संरक्षक पाएको अनुभूति भयो। जसले गर्दा स्वास्थ्यकर्मीको मनोबल झन् बढेर त्यसले कोभिड नियन्त्रण गर्नलाई झन् सहयोग पुऱ्यायो। त्यतिमात्रै होइन लकडाउन भइरहेको बेलामा भोकले  पनि जनतालाई अप्ठ्यारो नहोस् भनेर स्थानीय सरकारसित मिलेर राहात बाँड्ने काम पनि प्रदेश सरकारले गऱ्यो। सुरुमा कोभिड उन्नाइसको पिसिआर परीक्षणको व्यवस्था प्रदेशमा नभएको हुनाले त्यसको लागि केटिएम काठमाडौँ पठाउनुपर्ने बाध्यात्मक अवस्था रहेकोमा प्रदेशमै स्वाव परीक्षणको लागि आवश्यक सबै व्यवस्था मिलाई २०७६ चैत्र १८ गतेदेखि नै नमूना परीक्षण कार्यको सुरुवात गरियो। त्यस्तै प्रदेश जनस्वास्थ्य प्रयोगशालाको मातहतमा प्रदेश क्षयरोग उपचार केन्द्रको हातामा दुई वटा पिसिआर मेसिन सहितको प्रयोगशालाको स्थापना गरी सञ्चालनमा ल्याइएको छ र हालै एउटा अर्को मेसिन समेत जडान गरी पिसिआर परीक्षणको दायरा फराकिलो गरिएको छ। त्यसले तुरुन्तै सल्यक्रिया गर्नुपर्ने बिरामीको निम्ति अत्याधुनिक प्रविधियुक्त इन एक्सपोर्ट मेसिनद्वारा परीक्षण गरी तत्कालै नतिजा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। आज समुदाय स्तरमा कोभिड उन्नाइसको अवस्था आँकलन गर्न आवश्यक किटको व्यवस्था गरी जिल्लाहरुमा परीक्षण भइरहेको छ। गण्डकी प्रदेशका सबै हस्पिटलहरुको स्तरउन्नति भएको छ। अत्याधुनिक सामग्रीको व्यवस्था गरिएको छ। दक्ष तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिएको छ। प्रदेशभरि दैनिक तीन सयको हाराहारीमा संक्रमितको लागि आइसोलेसन केन्द्रको उच्च मागलाई ध्यानमा राखी सरकारी, सामुदायिक तथा निजी क्षेत्रहरुमा सरकारले चाहि  यो चाहि प्रयत्न गरेको छ। यी सबै कामहरु प्रदेश सरकारले नगरेर छाँया सरकारले त गरेको छैन सभामुख महोदय। अब धेरै कामहरु गरेको छ जसका परिणामहरु

पनि आएका छन्। सरकारले प्रदेशहरुमा स्थापना गर्ने सरुवा रोग अस्पतालको सन्दर्भमा गण्डकी प्रदेश सरकारले प्रदेशहरु मध्ये नै पहिलो अस्पतालको रुपमा २०७७ श्रावण १ गतेदेखि सरुवा रोग अस्पताल सञ्चालनमा ल्याइ ५० शैया सहितको कोरोना संक्रमितलाई राख्ने उपचार गर्ने व्यवस्था हाल सम्म भइरहेको छ र यसलाई १०० बेडमा पुर्‍याउने चाहि लक्ष्य पनि सरकारले राख्नुभएको छ। धेरै कामहरु भएको छ। अहिले कोभिड उन्नाइस जुन गण्डकी प्रदेशमा नियन्त्रण भएको छ। चाहे निशुल्क परीक्षण गराउने कुरा नि संघले शुल्क लिएर गराउने कुरा गर्‍यो तर प्रदेश सरकारले चाहि निशुल्क रुपमा हामी  गण्डकी प्रदेशका जनतालाई चाहि परीक्षण गराउँछौं भनेर निशुल्क रुपमा  लियो। अघि कुरा पनि आयो नवलपुरको एउटा घटना त्यो संघ सरकारको कुरा हो संघ सरकारले दिएको उपकरणको कुरा हो  तर प्रदेश सरकारले दिएका उपकरणहरु सबैको बारेमा कही कसैको कमेन्ट छैन त्यसो भएर हामी प्रदेश सभामा अभिव्यक्तिहरु दिइरहेका छौँ भने कम्तीमा प्रदेश सरकारको कामको बारेमा हामीले सधै समीक्षा गरेर चाहि विश्लेषण गर्दा चाहि उपयुक्त हुन्छ कि भन्ने मलाई लागिरहेको छ र अहिले कोभिड उन्नाइसले आक्रान्त बनेको  आजको विश्वको केही देशहरुमा कोभिड उन्नाइस विरुद्धको भ्याक्सिनको प्रयोग हुन थालेको छ। नेपालले पनि नागरिकको जिउ/ ज्यानको र स्वास्थ्य सुरक्षाको निम्ति भ्याक्सिनको खरिद प्रकृयालाई अगाडि बढाएको छ। भ्याक्सिन आइसकेपछि त्यस्को उचित व्यवस्थापन गर्नको निम्ति गण्डकी प्रदेश सरकारले फ्रिज सहितको ट्रकको व्यवस्थापन गरेको छ। दोश्रो चरणमा प्राप्त हुने भ्याक्सिन भण्डारणको लागि वाक ...इन वाक इन फ्रिजको व्यवस्था गर्ने काम गरेको छ। भ्याक्सिन प्राप्त भइसकेपछि यसको  कोड चेन्ज व्यवस्थापन

र भण्डारण र प्रयोग सम्बन्धमा व्यवस्थापन र साझेदार निकायहरुलाई अभिमुखीकरण गरी खोप सेवा प्रदान गर्ने योजना राखेको छ/ लक्ष्य लिएको छ। प्रश्न त जसरी पनि आउन सक्छ। भोलि केही समयपछि गण्डकी प्रदेश सरकारले भ्याक्सिन ल्याएर कोरोना निको बनाउँछ अनि केहीले भन्नुहोला प्रदेश सरकारले केही गरेन। कोरोना त सिधै निको भएको हो भनेर पनि भन्न बेर छैन। म त्यतातिर चाहि जान चाहन्नँ। आजको दिन सम्म आइपुग्दा अन्य तथ्याङ्कमा जान चाहन्छु। आजको दिन सम्म आइपुग्दा विश्वका कूल संक्रमित ९ करोड ३८ लाख १९ हजार ९ सय ५२ छन् भने निको हुनेको संख्या करिब ५ करोड १७ लाख रहेको छ भने २० लाख ८ हजार २ सय ७३ जनाको मृत्यु भएको छ भने नेपालमा कूल संक्रमितको संख्या २ लाख ६७ हजार ५६ जना छन् भने निको हुनेको संख्या २ लाख ६१ हजार ४४ रहेको छ भने १९ सय ५४ जनाको मृत्यु भएको छ जुन अन्य छिमेकी मुलुक भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका भन्दा निको हुने दर बढी संक्रमित हुनेको दर कम र मृत्यु हुनेको दर कम यो के उल्लेखनीय सफलता होइन ? नेपाल सरकारले खेलेको भूमिकाका कारणले होइन ? नेपालभरिका प्रदेशहरु मध्ये  अन्य प्रदेश सबैभन्दा विकसित प्रदेश हामीले बागमती प्रदेश भन्छौँ। १ नं. प्रदेशसँग तुलना गरेर हेर्ने हो भने गण्डकी प्रदेशमा कूल जनसंख्या करिब २४ लाख तीन हजार १६ रहेको छ संक्रमितको संख्या १७ हजार ९ सय १६ रहेको छ भने मृत्यु हुनेको संख्या १९४ छ टिप्नू यो । जबकि बागमतीमा कूल जनसंख्या ५५ लाख २९ हजार ४ सय ५२ रहेको छ। संक्रमितको संख्या १ लाख  ४५ हजार ९ सय ६५ रहेको छ भने मृत्यु हुनेको संख्या ९६३ रहेको छ। यसले पनि के कुरा दिउँसोको घाम झैं छर्लङ्ग पार्छ भने गण्डकी प्रदेश सरकारले लिएको सही नीति र प्रभावकारी

कार्यान्वयनले कोभिड उन्नाइस नियन्त्रणभित्र छ । अन्य प्रदेशहरुमा भन्दा कोभिडको यहाँ  चाहि त्यति धेरै असर परेको छैन र जनताले यो अप्ठ्यारो बेलामा कठिन परिस्थितिमा नि प्रदेश सरकार भएको अनुभूति गरेका छन्। गण्डकी प्रदेश सरकार भएको कारणले कोभिड उन्नाइस महामारीको रुपमा चाहि फैलिन पाएको छैन। नेपालको संविधानको भाग ३ को धारा ३५ मा मौलिक हकको रुपमा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सुविधा निशुल्क प्रदान गर्ने हक हुनेछ। कसैलाई पनि आकस्मिक स्वास्थ्य सुविधाबाट बञ्चित गरिने छैन भन्ने छ। प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचार सम्बन्धी जानकारी पाउने सबै कुरा व्यवस्था छ। (माननीय सभामुखः माननीय सदस्य समय सकियो)  अब अन्तिममा के  मात्र अनुरोध गर्न चाहन्छु भने हिजो मुलुकमा लोकतन्त्र आइसकेपछि त्यो बेलामा जनताको सरकार भनेर नथाक्नेहरुले उदारीकरणको नाउँमा स्वास्थ्य क्षेत्रलाई नीजिकरण र व्यापारिकरण नगरेको भए आज स्वास्थ्य क्षेत्रको यो अवस्था हुने थिएन र अहिले सरकारले एक गाउँपालिका एक हस्पिटलदेखि लिएर धेरै योजनाहरु कार्यान्वयन गरेको छ धन्यबाद नमस्कार।

**माननीय सभामुखः** माननीय सदस्य श्री विनोद के. सी. लाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य डोबाटे विश्वकर्मा ।

**माननीय विनोद के.सी.** माननीय सभामुख महोदय, आज हामी यो गण्डकी प्रदेशको विशेष अधिवेशनमा यो कोभिड सम्बन्धी साझा संकल्पको रुपमा हामी प्रदेश सभाका सम्पूर्ण  सभा सदस्यहरु र यहाँका प्रतिनिधित्व गर्ने सम्पूर्ण

दलले एउटा साझा संकल्पको रुपमा १३ बुँदे एउटा संकल्प प्रस्ताव प्रस्तुत भएको चाहि छ। यहाँ धेरै कुराहरु समेटिन आएको छ। यसमा पहिलो त मेरो पनि व्यक्तिगत समर्थन रहेको जानकारी गराउन चाहन्छु। विशेषतः गरी यो कोभिड उन्नाइसको महामारीको विषयमा धेरै माननीयज्यूहरु, मन्त्रीज्यूहरु धेरैबाट चाहि यसका विषयमा आइसकेका चाहि छन्। विशेषत गरी यो कोभिड उन्नाइस जुन हाम्रै छिमेकी मुलुक चीनको हुयानबाट जसरी चाहि सुरुवात भयो कल्पना गर्थ्यौ मिडियामा हेर्थ्यौ यो अत्यन्तै भयानक स्थिति यसले ल्याउने रैछ भन्ने हामीले कल्पना गर्थ्यौं नजिकै थियौं र त्यसले आफ्नो उग्र रुप लिँदै आफ्ना चाहि विशेषतः चाहि विकसित मुलुकहरु युरोप, अमेरिका लगायत भारत घुम्दै आउँदा नेपालमा आउँदै गर्दा धेरै रुपमा नेपालमा आउँदै गर्दा हामी धेरै ५/६ महिना पछि नेपालमा आउँदै गर्दा हामी धेरै डराएर चाहि आक्रान्त थियौं र जुन नेपालमा प्रवेश गर्‍यो भन्दा पनि हामी आफै चाहि डरले त्यो मर्माहत थियौं। आज यहा आउँदै गर्दा म आफू पनि कोभिड एउटा रोगबाट संक्रमित भएर यसलाई त्योसँग जुधेर यहाँ आएको चाहि छु र विशेषतः गरी नेपालमा पनि जुन खालको परिस्थिति बन्यो यसले पनि हामी जति नेपालमा हामीले तयारी गर्नुपर्ने अवस्था चाहि थियो जति तयारी गर्न सक्ने शक्ति हामीसँग चाहि थियो त्यति अझ गर्न सकेनौं कि भन्ने त लाग्छ तथापि प्रदेश, संघ, स्थानीय यो संघीयताको मर्म जुन अप्ठ्यारो चाहि मर्म चाहि थियो त्यो संघीयताको वास्तविक मर्म यस कोभिड उन्नाइसमा आएर सरकारबाट देखिन एउटा प्रयत्न भयो। सबै सरकारले आ- आफ्नो तर्फबाट प्रयत्न गर्‍यौ भन्ने मलाई अनुभूति लागेको चाहि थियो तथापि यो जति गर्नुपर्ने थियो त्यति नभएको पनि हुन सक्छ। त्यसमा चाहि आ - आफ्नो ठाउँबाट भएकै छ भन्ने

लाग्छ। विशेषतः गरी यो जसरी यो कोभिड उन्नाइस बढ्दै गएको चाहि थियो। त्यतिबेला तत्कालिन बेलामा नेपाल कम्युनिष्टकै कम्युनिष्ट पार्टीका श्रद्ये अध्यक्ष कमरेड प्रचण्डले एउटा प्रस्ताव राख्नुभएको चाहि थियो जुन प्रस्ताव यही थियो कि एउटा चाहि संयुक्त साझा संकल्प गराएर जाऔँ साझा दृष्टिकोण बनाएर जाऔ। यो कोभिडको बारेमा सरकार के प्रतिपक्ष के सबै संयुक्त सर्कल बनाएर चाहि जाऔँ भनेर प्रस्ताव आउँदै गर्दा शायद त्यहाँ कही कतै अझै खिसिटिउरी गर्दै कही कतै त्यसलाई अपव्याख्या गर्दै सरकार भन्दा पाउरफूल समिति किन चाहियो भन्या जसरी, जसरी अपव्याख्या गरियो र त्यसले वास्तवमा राम्रो गर्न सकेन अझ कोभिडलाई जति अब प्रभावित बनाउन सक्थ्यो त्यति बनाउन सकेन कि भने जस्तो बन्यो । त्यसमा अझ अहिले आएर गण्डकी प्रदेशमा आएर मलाई खुसी लागेको चाहि छ। त्यो चाहि एउटा प्रस्ताव संघमा त बन्न सकेन तर आज यो गण्डकी प्रदेशमा हामी संयुक्त रुपबाट चाहि यसमा छलफल गर्ने हामी ठाउँमा चाहि छौँ यसले पक्कै पनि एउटा राम्रो एउटा निकास लिनेछ भन्ने मलाई लागेको चाहि छ। विशेषतः गरी यो कोरोनाको जुन महामारी भनेर हामीले धेरै ठाउँबाट बुझ्यौँ। मलाई कही कतै मेरो व्यक्तिगत अनुभव तर हामीले कतै डोरीलाई सर्प जस्तो देखेको हो कि धेरै हामीले चाहि त्यसबाट हुने धेरै हामीसँग चाहि कुराहरु थिए तर हामी धेरै डराएर धेरै कोठामा बस्न के ले तर अझै जनजीवनमा कोठामा बसेको अवस्थामा झन् अप्ठ्यारो अवस्थाहरु त्यसले पार्‍यो कि। हामी त्यहाँनेर हामी कति प्रयत्न गर्‍यौ गर्न सक्यौँ कति सकेनौँ त्यसमा हामीले समीक्षा गर्नुपर्छ जस्तो मलाई लाग्छ। विशेषतः गरी हाम्रो जस्तो यो गरिब मुलुकमा जुन हामी श्रोत साधनमा प्राप्त चाहि थिएनौँ जति श्रोत साधन थिए त्यसलाई जति चाहि सदुपयोग

गर्नुपर्थ्यो त्यसलाई हामी कति गर्न सक्यौँ कति अति आवश्यकता भएको कुरा कति गर्न सकेनौँ त्यो पनि आफ्नो ठाउँमा होला। अहिले कोभिडको विषयमा कुरा गर्नु पर्दा विशेषतः यो व्यवहारमा फेरि पनि अप्ठ्यारो परिस्थिति चाहि श्रृजना भएको बेलायतमा नयाँ  चाहि कोभिड फेरि चाहि अझ तिव्र रुपले चाहि चल्ने कोभिडको खतरनाक रुपमा देखिएको जुन खालको समाचार आएको छ अझै पनि धैरै हामी चाहि त्यसमा अझै हामी  त्यसमा हामी पनि अझै चनाखो हुनुपर्छ जस्तो लाग्छ। ती रोगहरु यहाँ पनि नआउलान् भन्ने सकिदैन। त्यसमा पनि हामीले छलफल गर्नुपर्छ जस्तो लाग्छ। ती कुराहरु मलाई लाग्छ। विशेषतः गरी कोभिड उन्नाइस जसरी रोकथामको लागि संघीय सरकार आफ्नो ठाउँमा जिड्नुपर्थ्यो अहिले बिडम्बना भन्नुपर्छ संघीय सरकारका गतिविधिहरु संघीय सरकारका सबै कामहरु हेर्दै गर्दा कोभिड भन्दा पनि अब हामी नेपालमा कोभिडलाई उन्मुलन गर्‍यौँ कि कोभिड अब लगभग  लगभग छैन कि भने जसरी, जसरी कार्यक्रमहरु जसरी सरकारको चाहि कामहरु भइराखेको चाहि छ यसले चाहि कोभिड प्रति चाहि संघीय सरकार संवेदनशील नभएको जस्तो चाहि अनुभूति हामीलाई भइराखेको चाहि छ। ती कुराहरुलाई पनि हामीले झक्झक्यानु पर्ने रहेछ। अहिले वास्तवमा हामी जस्तो गरिब जस्तो मुलुकमा अझै श्रोत साधनहरु प्रयोग गरेर धैरैले आर्थिक सहयोगहरु ल्याएर बनेका विश्वका भ्याक्सिनहरु ल्याएर गरिब जनताहरुलाई दिनुपर्ने ठाउँमा अहिले भइराखेको चाहि हाम्रो चाहि जननिर्वाचित संस्थालाई  चाहि डिनप गरेर भएको कुरालाई रकम ठूलो पूँजी  चाहि फेरि चुनावमा खर्च गर्नेतिर सरकार गइराखेको जस्तो  हामीलाई त्यो अनुभूति गरिराखेका छौँ। सरकारको ध्यान नागरिकको स्वास्थ्य क्षेत्रमा हुनुपर्ने हो कि अथवा चुनावमा हुनुपर्ने हो

जुन चुनाव हाम्रो लागि पहिलो प्राथमिकता चाहि आज होइन किनभने जनताहरुले चाहि हामीलाई ५ वर्ष चाहि काम गर्न म्यान्डेट दिएर ५ वर्ष चाहि सरकार चलाउने म्यान्डेट दिएको अवस्थामा त्यसलाई डिनप गरेर ठूलो पूँजीलाई स्वास्थ्यको क्षेत्रमा नलगाइकन चुनावको क्षेत्रमा लगाउँदै गर्दा कही कतै हाम्रो संघीय सरकार उल्टो बाटो हिँडेको हो कि भन्ने चाहि हामीलाई अनुभूति भएको चाहि भएको छ। त्यसमा पनि अझै संघीय सरकारको पनि ध्यान जाओस् भन्ने म आफ्नो ठाउँबाट ध्यानाकर्षण गराउन चाहन्छु। विशेषतः गरी अझ संघीय सरकारकै माननीय हाम्रो चाहि प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीकै विश्वासनिय पात्रहरुले अहिले चाहि विभिन्न खालका आफ्नो बोल्ने क्रममा प्रदेश सरकार आवश्यकता छैन प्रदेश सरकारको औचित्य चाहि छैन प्रदेश सरकारलाई कमजोर बनाउनुपर्छ भन्ने जस्ता अभिव्यक्तिहरु आइरहेका चाहि छन्। त्यो अभिव्यक्तिले कही कतै चाहि संघीय सरकार यो चाहि केन्द्रीय सरकार चाहि प्रदेश सरकार कै उदासिनता हो कि भन्ने चाहि हामीलाई अनुभूति भइराखेको छ। यसमा विशेषतः गरी आज चाहि प्रदेश सभाको यो विशेष अधिवेशन बस्दै गर्दा हाम्रो चाहि प्रदेशमा साझा संकल्पको रुपमा प्रदेश सरकारको आफ्नो औचित्य चाहि छ र प्रदेश सरकारले संघीय मर्म अनुसार काम गरेको चाहि छ। यसले चाहि सत्तापक्ष / प्रतिपक्ष सबैको भावनालाई समेटेर अगाडि जानुपर्छ भन्ने हेतुले चाहि हाम्रो प्रदेश सरकारको मुख्यमन्त्री तथा सरकारले चाहि सबैको भावनालाई बुझेर चाहि कार्यक्रम ल्याएको चाहि छ। यसले पनि एउटा प्रदेश सरकार चाहि जनताप्रति संवेदनशील चाहि छ। जनताहरुको चाहि मागलाई सम्वोधन गर्नेतिर छ भन्ने मैले अनुभूति चाहि गरेको छु। यी कुराहरुलाई पनि मध्यनजर गर्दै आगामी

दिनहरुमा यस्ता चाहि साझा संकल्पको रुपमा जनताको पक्षमा जनताको हितमा काम गर्ने कुराहरुमा हामी एकतावद्ध भएर नै अगाडि बढ्ने चाहि छौँ र यी जुन साझा संकल्पहरुलाई प्रस्तावलाई कितावको रुपमा अगाडि आएको चाहि छ। यसमा चाहि प्रदेश सरकारले विशिष्ट नेतृत्व गरेर सबैको भावना अनुरुप काम गर्ने र हामीहरुलाई पनि आवश्यकता पर्दा आफ्नो खालको सुझाव / सल्लाह सहित कुनै जिम्मेवारी दियो भने हामी चाहि सरकारको चाहि पक्षमा लागेर प्रतिवद्ध भएर काम गर्ने पनि विश्वास दिलाउँदै अन्त्यमा म जुन खालको यो साझा संकल्पको रुपमा चाहि यो प्रस्ताव आएको छ यी प्रस्तावहरुमा अझ हामी अध्ययन गर्दै सरकारसँग नजिक रहेर चाहि सहयोग गर्ने विश्वास दिलाउँदै यो चाहि संकल्पप्रति मेरो पनि समर्थन भएको जानकारी गराउँछु धन्यबाद। **माननीय सभामुखः** माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य श्री पुष्पा के.सी भण्डारी।

**माननीय डोबाटे विश्वकर्माः** माननीय सभामुखज्यू, आज हामी विशेष अधिवेशन मार्फत कोभिड नाइन्टिनको परीक्षण/ उपचार पूर्वाधार खोप सम्बन्धी संकल्प प्रस्तावको सन्दर्भमा प्रतिपक्ष दलका नेता नेपाली काँग्रेसका नेता माननीय कृष्णचन्द्र नेपालीज्यूले प्रस्तुत गर्नुभएको संकल्प प्रस्ताव यसमा समर्थन गर्न सबै राजनीतिक दलहरुबाट जुन एउटा साझा संकल्प प्रस्ताव ग्रुपबाट आएको छ यो ज्यादै महत्त्वपूर्ण छ भन्ने लाग्दछ। यस्तो विषयमा सम्पूर्ण दललाई धन्यबाद पनि दिन चाहन्छु र वास्तवमा यो विषयमा छलफल गर्ने सन्दर्भमा सबै कुरा भइहाल्यो यो संकल्प प्रस्ताव नभएपनि

हुन्थ्यो भने जस्तो कुरा पनि माननीय विद्धान माननीय जीहरुबाट कुराहरु आएको छ। वास्तवमा विश्वभरि कोभिड नाइन्टिनले संक्रमण गरिरहेको अवस्थामा र हाम्रो नेपालमा पनि संक्रमणको अवस्था भइरहेको बेलामा हाम्रो गण्डकी प्रदेशमा जसरी बागलुङबाट सुरु भएको थियो त्यसपछि सञ्चो भइसकेपछि माननीय मुख्यमन्त्रीजीले विश्वासका साथ निश्चय पनि यो गण्डकी प्रदेशको वातावरण विभिन्न कारणले गर्दाखेरिमा गण्डकी प्रदेशमा यो रोगले आक्रमण गर्न सक्दैन होला भन्ने उद्‌देश्यले उत्साहका साथ चाहि गण्डकी प्रदेश  ग्रीन जोन भन्नुभएको थियो तर जसरी त्यो उहाँले विश्वासका साथ भन्नुभएको थियो त्यो कुरा हुन सकेन।  यहाँ १६/ १७ हजार मान्छे चाहि संक्रमित भए। १९६/१९७ जनाले ज्यान गुमाएका छन्। त्यसले गर्दा यसलाई हामीले नजरअन्दाज गरेर एकदमै सबै कुराहरु ठीक भइहाल्यो भन्यौ भने पनि त्यो यहाँ चाहि हुँदैन जस्तो मलाई लाग्छ र जसरी यो गण्डकी प्रदेशमा नि कोभिड नाइन्टिनको अति संक्रमण सुरु भइराखेको अवस्था थियो र हामी वर्खे अधिवेशनको सन्दर्भमा हामी अधिवेशन चलिरहेको थियो। त्यतिबेला ज्यादै महामारी चाहि बढी फैलिएको अवस्था थियो र प्रतिपक्ष दल नेपाली काँग्रेस र यस जनता समाजवादी पार्टी मिलेर हामीले त्यो बेलामा पनि संकल्प प्रस्ताव दर्ता गरेर यो गण्डकी प्रदेशलाई कोभिड नाइनबाट रोगबाट जोगाउनको निम्ति हामीले बेलैमा चाहि सचेत हुन पर्छ बेलैमा त्यसलाई अगाडि लिई बढ्नुपर्छ सरकार भन्ने उद्‌देश्यका साथ त्यो दर्ता भएको थियो तर त्यसलाई त्यो दर्ता गर्ने बित्तिकै र पास गर्‍यौँ भने यो आकासै खस्छ जस्तो गरेर हामीले पृथ्वी नै भासिने झै गरेर कोभिडलाई जित्न भन्दा पनि यसलाई विफल गरायौँ भने कोभिड जितिन्छ भन्ने खालको उद्‌देश्यबाट हामी गएर हामीले त्यसलाई पास

गर्न सकेनौँ। त्यो सही थियो कि गलत थियो अब मूल्याङ्कन गर्ने दिन आयो भन्ने मलाई लाग्दछ त्यसकारण त्यो बेलामा निश्चय पनि सत्ता पक्षको तर्फबाट कमजोरी भयो कि भन्ने अनुभूति भएको छ र अहिले प्रतिपक्ष दलको नेताले जसरी संकल्प प्रस्ताव प्रस्तुत गर्नुभएको छ थुप्रै कुराहरु सबै कुराहरु डाटा आइसकेको छ त्यसलाई डाटाको रुपबाट जान पर्छ जस्तो मलाई लाग्दैन र माननीय सामाजिक विकास मन्त्रीज्यूले पनि गण्डकी प्रदेशको सरकारले गरेका कामहरुको विषयमा थुप्रै कुराहरु राख्नुभएको छ। निश्चय पनि भएकै छैन भन्ने कुरा छैन तर जति हुन पर्ने त्यति नभएको कारणले पनि यी विषयवस्तुहरु आएको हो र  यो नभएको रहेछ भन्ने कुरा हामी सबैलाई अनुभूति भयो त्यसकारणले हामीले साथ र संकल्प प्रस्ताव एउटा साझा संकल्प प्रस्ताव हामीले सहमति जनाउन सक्यौँ। यो ज्यादै महत्त्वपूर्ण कुरा हो भन्ने मलाई लाग्दछ। माननीय सभामुखज्यू,  म थोरै कुराहरु यसो आज यो विषयमा छलफल गर्ने सन्दर्भमा आज मैले बिहान यसो संविधान हेरम न त भनेर यसो हेरेँ। हेर्दा नेपालको संविधानको २०७२ को संविधानले धारा ३५ ले चाहि स्वास्थ्य सम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि  आकस्मिक हकबाट बञ्चित गरिने छैन भनिएको रहेछ। त्यसकारणले यो हुन त अहिले संविधानले व्यवस्था गरेको कति कार्यान्वयन गर्न सक्यौँ सकेनौँ हामीले समीक्षा र मूल्याङ्कन गर्ने बेला आएको छ र कता कता अहिले बिस्तारै अब हाम्रो संविधानमा भएका मौलिक हक विधिन्न खालका हाम्रो संविधानमा भएका धारा उपधाराहरुलाई कार्यान्वयन गर्न सक्यौँ कि सकेनौँ त्यसलाई पनि समीक्षा र  मूल्याङ्कन गर्ने दिन आएको छ र अहिले विशेष गरेर संविधानको

धाराहरुलाई हामीले कुल्चिने कामहरु भइरहेको अवस्थामा यो स्वास्थ्यको हक सम्बन्धी पनि हामीले कार्यान्वयन नगर्दा नि हुन्छ होला भन्ने ठानेर पनि होला जस्तो लाग्छ। नत्र हामीले स्वास्थ्य उपचारमा कठिन र निशुल्क स्वास्थ्य उपचार गर्न सकौँ। आज सरकारी हस्पिटलहरुमा निशुल्क औषधीहरु ७०/७२ खालका औषधीहरु चाहि निशुल्क भनेको छ। त्यहाँ गएर चाहि चेक गर्‍यो एउटा औषधी पनि पाइदैन। त्यो हामीले निशुल्क उपलब्ध गराउन सक्यौँ कि सकेनौँ र अर्को कुरा यो जुन अहिलेको यो महामारी भनेको आकस्मिक हो जस्तो मलाई लाग्दछ त्यसकारणले यसलाई हामीले अब यो निशुल्क गर्न जुन अहिले पिसिआरका कुराहरु आयो निःशुल्क गण्डकी प्रदेश सरकारले  जुन गर्‍यो यो चाहि सकारात्मक राम्रो कुरा छ त्यसमा कसैको दुईमत छैन। तैपनि जब सम्म उपचार गरेर ठूलो खर्च गर्न पर्ने अवस्थामा हामीले निशुल्क गर्न सक्यौँ कि सकेनौँ यो आवश्यक पर्छ कि पर्दैन  यो कुरा हामीले यसलाई मनन गर्न पर्छ जस्तो लाग्छ। म एउटा कुरा मात्रै अब यो थुप्रै मान्छेहरु संक्रमित हुनुभयो धैरै मान्छेहरु अब स्वास्थ्यबाट सञ्चो भएर आउनुभछ भने १९६ /९७ जनाले ज्यान गुमाएको अवस्था छ र यस्ता खालका अप्ठ्याराहरु थुप्रै नागरिकहरुलाई पर्‍यो होला र म तनहुँको मात्र एउटा घटना यहाँ चाहि राख्न चाहन्छु। हाम्रो पूर्व पार्टी सभापति नेपाली काँग्रेसका नेता रघुनाथ पौडेल अचानक बिरामी हुनुभयो। स्वास्थ्य उहाँको अक्सिजन घटेछ र रातारात उहाँ यो जिएमसी हस्पिटल लिएर आएपछि त्यहाँ भर्ना गरियो। २ दिन भर्ना गरेर राखेको उहाँलाई कसैले उपचार त के त्यहाँ कसैले हेर्न सम्म नहेरेपछि उहाँ धैरै आत्तिनुभयो। धैरै आत्तिएपछि उहाँले फोन गरेर भन्नुभयो कि म  अब यो पोखराको जिएमसी हस्पिटलमा मर्ने भएँ त्यसकारण मलाई तुरुन्त काठमाडौँ लान पर्‍यो भनेर उहाँले भन्नुभयो।

अनि समस्या त्यहाँ  के आयो यहाँ भर्ना गरेर राखेपछि हामीले काठमाडौँ पठाउनै सक्दैनौँ अनि काठमाडौँ पठाउने बेला सम्म उहाँ चाहिको खतरा छ त्यसकारणले पठाउन सक्दैनौँ भनेर हस्पिटल त्यो कुरा गऱ्यो काठमाडौँ लिएर आउनोस् भनेर अब त्यो  जिएमसी हस्पिटलमा त्यो सरसल्लाह भयो। यति ठूलो अप्ठ्यारो पऱ्यो कि भनिसाध्यै भएन। त्यसपछि उहाँलाई काठमाडौँ लानलाई जिएमसी हस्पिटलबाट लिएर आउँदाखेरिमा चार लाख साठी हजार हेलिकप्टर चार्टर गर्न पर्ने रहेछ। त्यसमा डाक्टर समेतको टोली आएर बडो खतरा मोलेर काठमाडौँ लिएर गएपछि उहाँले उपचार गरेर सञ्चो भएर आराम गरेर आउनुभएको अवस्था छ। अब भएको त्यो  हस्पिटल हेलिकप्टर मात्रै चार लाख साठी हजार थियो भने त्यहाँ कति पैसा खर्च भयो होला अनि अब त्यस्तो खालको एकदमै गरिब मान्छे चाहि बिरामी भयो भने त्यसको अवस्था के होला ? त्यसकारण राज्यको दायित्व र जिम्मेवारी के हो ? जव सम्म निशुल्क स्वास्थ्यको कुराहरु आएको छ त्यसलाई कसरी अगाडि बढाउन सकिन्छ। त्यसलाई कसरी समस्या समाधान गर्ने हो त्यस कुरामा पनि सरकारको र गण्डकी प्रदेशको ध्यान जान पर्छ  भन्ने मलाई लाग्दछ र अस्ति भर्खरै अब हाम्रो सरकारी हस्पिटलहरु थुप्रै  हस्पिटल खोल्यौँ भन्ने कुराहरु आएको छ। खोइ यो कता छ तर हाम्रो त्यहाँ आवश्यक उपकरण भयो कि भएन भन्ने कुराले पनि महत्त्व राख्छ भन्ने कुरा मलाई लाग्दछ। अस्ति भर्खरै मात्र शुक्लागण्डकी जुन चाहि जिपि कोइराला श्वास प्रश्वास केन्द्रमा हाम्रो त्यहाँ केही व्यवस्थापन समिति सञ्चालक समिति सदस्य नारायण सिग्देल त्यहाँकै सदस्य हुनुहुन्थ्यो उहाँले जुन बेलामा त्यहाँ केरे कोभिड नाइन्टिन सुरु भयो उहाँले धेरै सेवा धेरै खालका कामहरु गर्नुभएको थियो । त्यहाँ अचानक उहाँलाई संक्रमण भयो ।

यहाँ उपचार हुन सकेन काठमाडौँ उहाँको ससुराले लिएर गएको अस्ति २६ गते मात्रै निधन भयो त्यसकारणले गर्दाखेरिमा कुरा के हो भने हामीले यो सरकारी हस्पिटलमा जस्तै त्यो हस्पिटल हामीले खोलेका छौँ भने यति हस्पिटल हामीले यहाँ व्यवस्थापन गरेका छौँ तर हाम्रो उपकरण र औषधी उपचार गर्ने कुरामा कत्तिको दक्ष जनशक्ति हामीले चाहि तयार गरेका छौँ त ? त्यो कुरामा अब सरकारले ध्यान दिन पर्ने कि नपर्ने ( माननीय सदस्यः समय सिद्धियो) त्यसकारण यो ढङ्गतिर जानको निम्ति पनि प्रदेश सरकारको ध्यान जाओस् त्यसैले साझा

संकल्प यहाँ छलफलबाट पारित हुन्छ। यस संकल्पलाई अक्षरस पालना गरेर गण्डकी प्रदेशको सम्पूर्ण निमुखा, गरिब, दलित, पिछडिएको सम्पूर्ण समुदाय र २४ लाख जनताले चाहिने औषधी उपचार **( माननीय सदस्यः समय सिद्धियो)** सेवा सुविधा पाउने यो कुरा निवेदन गर्दै बिदा हुन्छु धन्यबाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री पुष्पा केसी भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी।

## माननीय पुष्पा केसी भण्डारी

माननीय सभामुख महोदय, सर्वप्रथम त यो विशेष अधिवेशनमा प्रस्तुत संकल्प प्रस्ताव माथि छलफल गर्ने समय प्रदान गर्नु भएकोमा सभामुखज्यूमा धन्यवाद टक्याउँछु र विषय प्रवेशको अनुमति चाहन्छु। सभामुख महोदय, सन् २०१९ को डिसेम्बर महिनामा चीनको वुहान शहरबाट शुरु भएको कोभिड-१९ भाइरसले विश्वभरीका नागरिकको जनजीवनमा उथलपुथल ल्यायो। जनजीवन अस्तव्यस्त भयो भने विश्वकै अर्थतन्त्र छताछुल्ल भयो। विश्वव्यापी रुपमा भययुक्त वातावरण सिर्जना भयो। संचारका माध्यमले कहाँ कहाँ कति संक्रमित भए? कति निको भए र कतिले ज्यान गुमाए भनेर आँकडा प्रस्तुत गरिरहँदा कहिं

हाम्रो घरआँगनमा नछिरोस् भन्ने भावनाका साथ समाचार नियाल्दा नियाल्दै हामी पनि त अछुतो रहन सकेनौं। उल्लो जिल्ला पल्लो जिल्ला भन्दाभन्दै कोभिड घरै भित्र छिरियो। परिवारका पाँच जना सदस्यहरु कोभिडग्रस्त हुनु भयो भने मैले मेरो सहोदर दाजु गुमाएं। चार जना सदस्य निको भएको खबरले एक जना गुमाउँदाको पिडा कम हुँदो रहेनछ नि सभामुख महोदय। स्वरी। यो अत्यन्त पिडादायी र सामाजिक अपहेलना सहनु परेको क्षण थियो तर यसो भनी रहँदा म सरकारले केही नगरेकोले जीवन गुम्यो भन्दिन बरु सरकारले सचेतनाका धेरै उपाय अपनाएको थियो र चार जनाको जीवन सुरक्षित भयो झैं भन्दछु। सभामुख महोदय, संकल्प प्रस्तावको तेस्रो पेजको पहिलो प्यारा मलाई मन परेको छ। म यहाँ उधृत गर्न चाहन्छु। कोभिड-१९ विरुद्धको महाव्याधीसँग लड्न, कोरोनाको दुश्प्रभावबाट नागरिकलाई सुरक्षित राख्न, स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न, स्वास्थ्य पूर्वाधार जनशक्ति र खोप सम्बन्धी वैज्ञानिक व्यवस्थापन गर्न, तल उल्लेखित कोरोना र स्वास्थ्यसँग सम्बन्धित कार्य गर्न प्रदेश सभाले संकल्प गरेर प्रदेश सरकारलाई निर्देशन गर्न सर्वदलीय सहमति अनुसार यो संकल्प प्रस्ताव पेश गरेका छौं भनेर उल्लेख छ। जसमा १३ वटा बुँदाहरु छन् । ती बुँदाहरु कोभिडलाई कसरी नियन्त्रणमा ल्याई जनताको जीवन सुरक्षित र निरन्तर बनाउन सकिन्छ भन्नेमा नै केन्द्रित छ। प्रदेशसभाबाट यस्तो समसामयिक विषयमा संकल्प प्रस्ताव पास गरी सरकारलाई मार्ग प्रशस्त गर्नु सान्दर्भिक पक्ष हो र मलाई लागेको अझ सकारात्मक पक्ष भनेको ती १३ बुँदामा सरकारले गरेको कामलाई समातेर त्यसलाई अझ प्रभावकारी बनाउँ भन्नु नै हो। वास्तवमा सरकारले गरेको काम लुकेको थिएन बरु अपुग भने भएको हो भन्ने कुरा यो संकल्प प्रस्तावले प्रष्ट पारेको छ। सभामुख महोदय, केही दिनका लागि भनेर गरिएको लकडाउन ४ महिनासम्म चल्दा छिमेकबाट ल्याउने सामानहरु पनि ल्याउन नपाउँदा, आन्तरिक यातायातमा पनि प्रतिबन्ध लगाई कडाईका साथ लकडाउनलाई पालना गराउर्नुपर्दा, आन्तरिक सञ्चित सामाग्री स्रोत र साधनबाट जनजीवन सुचारु राख्नु पर्दाको सरकारको पिडा जुन साझा पिडा पनि हो आफूमा स्वयम् स्मरणयोग्य छन् भन्ने म ठान्दछु। त्यस्तो भनेर जिम्मेवारीबाट भाग्न नमिल्ने स्थिति आफैमा गम्भीर थियो सरकारका निम्ति विपद्को बेला जे अगाडि पर्छ त्यही गर्दै जानुपर्ने हुँदा काममा लय नमिल्न सक्छ तर काम त भएकै हुन्छ र काम त भएकै थियो नि भन्ने कुरा भर्खरै मन्त्रीज्यूको अभिव्यक्तिबाट पनि अवगत भयो । सभामुख महोदय, त्यसका साथमा गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले भाद्र २०७७ मा प्रकाशन गरेको वार्षिक बजेट समिक्षाको पृष्ठ ४४ को १२ देखि १९ नम्बरसम्मको बुँदाले पनि कोभिडसँग जुध्नका लागि के कति काम भएको थियो र ४५

पेजको २, ८, ५, कोभिड-१९ रोकथाम तथा उपचारको अवस्था भन्ने शिर्षकका अरु थप ३ बुँदाले यसै सन्दर्भमा के कति काम भएको छ भन्ने कुरालाई स्पष्ट पारेको छ त्यसैगरि प्रदेश नीति तथा योजना आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७ जुन असोज २०७७ मा निस्केको छ। उक्त प्रतिवेदनको पेज ११ मा कोभिड-१९ र अर्थतन्त्र सम्बन्धी अध्ययन भन्ने विषय अन्तर्गत कोरोना भाइरसले अर्थतन्त्रमा पारेको असरलाई परिदृष्य १ र २ गरेर विस्तृतमा उल्लेख गर्दे कोभिडको असर सम्बोधनका उपायहरु पनि सुझाएको छ। ती उपायहरु गत महिनाको पछिल्लो सातामा विशेष अधिवेशनमा छलफल गरिएका विषयहरुको सम्बोधनका लागि पनि उत्तिकै महत्वपूर्ण छन् सरकारको ध्यान जाने नै छ भन्नेमा म विश्वस्त छु। सभामुख महोदय यति भन्दै गर्दा सरकारले त सबै काम गरेको छ। यो संकल्प प्रस्ताव त किन चाहियो र? भन्न खोजेको बिलकुलै होइन। सभामुख महोदय, संकल्प प्रस्तावमा उल्लेखित १३ वटा बुँदा केलाउँदा १,२, ३, ४, ६, ७, ८ नम्बर बुँदाहरु सरकारले गरेको काममा टेकेर आएका छन्। ती बुँदाहरुले काम भएको छ तर अपुग भएको छ त्यसलाई विस्तार गर्नु पर्ने भन्ने अर्थमा मैले पाएं भनें ५, ९, १०, ११, १२ र १३ नम्बर बुँदाहरुले नयाँ कामको उठान गरेको छ र ती कामहरु गर्नलाई निर्देशन गरेको पाएं। यी मध्ये पनि ९ नम्बर बुँदा जसमा कोभिडको नयाँ स्वरुप भेरिएन्ट-१ को परीक्षणको व्यवस्था र संक्रमितको  उपचारको व्यवस्था गर्ने भन्ने उल्लेख छ। सो कुरा निकै नै महत्वपूर्ण छ। जसरी कोभिड-१९ नेपाल प्रवेश गरेपछि सरकारले सचेतना सम्बन्धी प्रचार-प्रसारलाई संचारका सबै माध्यमलाई प्रयोग गरी जनसमक्ष पुऱ्यायो त्यो काम प्रशंसनीय हो। प्रशंसनीय भएको म ठान्दछु र त्यसैगरि यो कोभिडको नयाँ स्वरुपबाट जोगिन थप के गर्नु पर्ने भन्ने बारे पनि जनतालाई बेलैमा सुसूचित गर्न सके क्षति हुनबाट जोगिन सकिने छ भन्ने म ठान्दछु र संकल्प प्रस्तावले त निर्देशन गरेकै छ। त्यसको साथ साथमा १० नम्बर बुँदामा खोपको जुन कुरा गरिएको छ, त्यसतर्फ सरकारले पहलकदमी गरेको कुरा हामी सबैलाई विदित नै छ। सभामुख महोदय, राष्ट्रमा विपद्हरु परेको बेला होस् या कुनै पनि संकट परेको बेला होस् नेपाल नेपाली जनता सदा एकजुट रहेर त्यसको सामना गरेको इतिहास हामी सामु सदैव रहेको छ। कोभिड-१९ ले जनजीवनमा त्रास छाएको बेला पनि यो दल उ दल नभनी जनताको स्वास्थ्य सुरक्षा र गासको व्यवस्था गर्न सबै एकजुट भएर लागेको कुरा हामी माझ ताजै छ। सरकारले एकद्वार प्रणाली अवलम्बन गर्दै प्रदेश सरकारबाट उपलब्ध गराएको राहत वितरणको क्रममा पनि त्यो दृश्य देख्न सकिने थियो। त्यसै अनुरुप प्रदेश सरकारले प्रदेश सभा सदस्यलाई, प्रदेश सभा सदस्यलाई केही गर्नु नभनेको भएपनि स्थानीय सरकारसँग सहभागी भएर हामी पनि सेवामा जुटेका थियौं त्यो बेला हरेक

जिम्मेवार नागरिक जनताको घरदैलोमा राहत पुऱ्याउन खटेको कुराको साक्षी आफू पनि रहेको कुरा अवगत गराउँदै अबका दिनमा पनि जनताको सेवामा अरु सजगता र तदारुकताका साथ सेवा पुऱ्याउन प्रदेश सभामा जुन संकल्प प्रस्ताव आएको छ त्यसमा म र मेरो दलको पूर्ण समर्थन रहेको व्यहोरा अवगत गराउँदै आज्ञा चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री चन्द्रमोहन गौचन।

## माननीय प्रकाश चन्द्र दवाडी

सभामुख महोदय, आज कोभिड-१९ ले पिरोलिएको विश्व सँगसँगै नेपाल र नेपालमा अप्ठ्यारो पर्दा नेपाली जनतालाई पिडा पर्दा नेपाली काँग्रेस नै चाहिएको अवस्था त्यसको सँगसँगै आज प्रष्ट भएको छ। नेपाली काँग्रेसले संकल्प प्रस्ताव पेश गरियो। बहुमतले सरकारमा बस्दै सरकारका साथीहरुले चाँहि संकल्प प्रस्तावलाई फेल गर्नु भयो पहिला। आज आएर सबै माननीयहरुले बोल्नु भाको छ। मलाई खुशी पनि लाएको छ। संकल्प प्रस्ताव त जायज रहेछ भन्नु भाको छ। म हृदयदेखि धन्यवाद दिन चाहन्छु। अझ नयाँ कोरोना पुरानो कोरोनासँगसँगै नयाँ कोरोना जस्तै भाइरस फेरि भित्रिदैं छ। यो भित्रिने अवस्थामा सरकारले नयाँ पोलिसी, नयाँ योजना पनि आउँछ जस्तो मलाई केहि सन्दर्भ आउँछ कि जस्तो पनि मलाई लागेको थियो अघि मन्त्रीज्यूले कुरा राख्नु भयो तर त्यो कुरा प्रष्ट आएको छैन। फेरि पहिला मन्त्रीज्यूले बोल्नु भयो हामीले बोल्दाखेरि अलि पछि बोल्दिएको भए अलि राम्रो हुन्थ्यो कि जस्तो कि मलाई महसुस भाको छ। त्यसैले हामीले यो भएन भन्छौं मन्त्रीज्यूले पहिलै कुरा राख्नु हुन्छ। त्यस्तै भाको छ यो पनि संधै। त्यो नहुन पनि सभामुख मार्फत सरकारलाई आग्रह गर्छु। आज पहिले मन्त्रीज्यूबाट कुराहरु आउँथ्यो जिल्लामा स्थानीय निकायमा सबै ठाउँमा पि.सि.आर. उपलब्ध हुन्छ। तपाईंहरु ढुक्क हुनुस हामी संकल्प प्रस्ताव पेश गर्दै जाँदा त्यो तपाईंहरुले प्रतिपक्षमा रहने साथीहरुले केही अप्ठ्यारो मान्नु पर्दैन त्यो प्रष्ट हुन्छ किन आत्तिनु हुन्छ? हामी गर्छौं भनेर मुख्यमन्त्रीज्यू लगायतका सरकारको नेतृत्व गर्ने साथीहरुले भन्नु भाको थियो। खै कहाँ गयो त्यो हामीले खासै उपलब्धीमूलक काम देखेका छैनौं सभामुख महोदय। मलाई लागेको छ त्यो उपचारको क्रममा कहाँ के भयो भन्ने कुराहरु खाका मोटामोटी त आएको छ तर के चाहिएको जनतालाई भने कोरोनाकोषमा उठेका रकमहरु यति चाँहि खर्च गरियो भनेको छ सभामुख महोदय तर कुन

कुन शिर्षकमा कति कति भनेको अलिकति प्रष्ट हुनुपर्छ कि भन्ने मलाई लागेको छ। यति पैसा उठयो यति रकम चाँहि खर्च भाको छ। कुन शिर्षकमा भाको छ? त्यहाँ सामुहिक रुपमा यो कोषमा यतिसम्ममा यति भाको छ मात्रै भर्खरै हामीले पाएको रातो किताबमा पाइएको छ तर त्यसको डिटेल खाका अझ पाएको छैन। अझ प्रष्ट गरिदिनु हुन म आग्रह गर्छु। यहाँ नेपालमा आर्को पनि कुरा आएको थियो। नेपालमा बनेको थियो हामीले नेपालमा हामीले स्वास्थ्य ऐन बनाइयो। स्वास्थ्य ऐन बन्यो। त्यो स्वास्थ्य ऐनमा आपतकालीन निशुल्क उपचार गर्ने भनेर एउटा स्वास्थ्य हामीले बनाएको ऐन खै लागु भएको जस्तो महसुस भाको छैन सभामुख महोदय जनतालाई। सरकारी उपचार गर्न सरकारी हस्पिटलमा जाने जनताहरु उपचार गर्नु भएन। उपचार गाको धैरै नै पाउनु भयो फेरि रोकियो फेरि पनि पाउनु भयो तर प्राइभेट हस्पिटलमा गएको जनताले कहाँ पाएका छन् सभामुख महोदय? त्यो म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। सबै जनाले सरकारी अस्पतालमा उपचार गर्न आफ्नो पहुँच त पुग्न सक्छ। पहुँच पुगेको मैले महसुस गरेको छैन तर बल्लै बल्लै बाँच्नको लागि आफ्नो घरबार बेचेर पनि त्यो अवस्थामा आएर उपचार गर्दा प्राइभेट हस्पिटलमा उपचार गर्ने नेपाली जनताले खै त सुविधा पाएको गण्डकी प्रदेशमा? हामी यहाँ सुनिन्छ रोष्ट्रमबाट बौद्धिक बुद्धिमान माननीयज्यूले भनी सक्नु भयो तर मलाई आज लागेको के छ भने त्यो भन्दैगर्दा प्राइभेट हस्पिटलमा उपचार गरेका माननीयहरुको चाँहि कहाँ उपलब्ध भाको हो सभामुख महोदय? त्यो पनि हामीलाई खाका चाहियो। हामी त्यो माननीय हौं प्रतिपक्षमा बसेका हौं तपाईंलाई त्यो अवगत गराउन चाहन्छौं। पहिलो डेस्कमा बस्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई कहाँ चाँहि भत्ता दिएको सभामुख महोदय? यहाँ त बोलिन्थ्यो नि। गाउँमा जाँदा उपचारबाट स्वास्थ्यकर्मीको उपचारमा फ्रन्ट डेस्कमा बसेर उपचार गर्दा स्वास्थ्यकर्मीले त्यहाँ पाउने सुविधा भत्ता पाएको छैन। होला पहुँचको आधारमा कसैले पाउनु भएको होला। त्यो कहाँ चाँहि उपलब्ध भाको छ मैले त्यो पनि सदनमा सभामुख मार्फत सरकारसँग म आग्रह गर्छु त्यो प्रष्ट जवाफ चाहियो भनेर म यहि रोष्ट्रमबाट आग्रह गर्न चाहन्छु। अब यहाँ गण्डकी प्रदेशमा हस्पिटल खोलियो। सबै खुशी भयो उहाँहरु प्रतिपक्ष बस्नेले पनि सहयोग गरियो। पछि पछि कहाँ गर्नु पर्छ भनेर हामीले सहयोग गरियो सरकारलाई। यहाँ हस्पिटल खोल्दा कर्मचारीहरु पनि दुई चार जना नियुक्ति गरियो तर त्यहाँ बोर्ड पनि राखियो कति राम्रो बोर्ड छ टलटल टल्किने तर त्यहाँ गएर भित्र हेर्दा ए के भाको छ सभामुख महोदय अहिले? अनुभूति सरकारले के पाएको छ भने त्यो अनुभूति दिलाउने काम सरकारको हैन र? त्यसैले म के आग्रह गर्छु भने त्यहाँ कर्मचारी, त्यहाँ भएको बोर्ड, त्यहाँ भएको हस्पिटलको साँच्चै नै यथार्थ पहिचान गरिन्छ भने सरकारले कति

अनुभूति पाएको छ त्यसको पनि स्पष्ट जवाफ पाइयो सभामुख महोदय। म आग्रह गर्छु आज कोरोना छैन भनिएको छ। कोरोना छैन सभामुख महोदय भन्ने कुराहरुमा हामी नझुक्कियौं। कोरोना छ यसलाई चेक गर्न मात्रै त्यसको पि.सि.आर. गर्न मात्रै पछाडी परेको हो अहिले चार सय गुना परीक्षण कम गरिएको छ। कोरोना नभएर नगरेको हैन। त्यो पनि एउटा ध्यानमा राख्नु पर्ने जरुरी छ सभामुख महोदय। हामी आज कोरोनाको कुरा गरेका छौं। छैन भनेका छौं तर कोरोनाबाट चेक नभएर कोरोना प्रष्ट नदेखिएको छ सभामुख महोदय। म आग्रह गर्न चाहन्छु। जनतालाई यसरी झुक्याउने काम नगरौं सभामुख महोदय। जनता धेरै बाठा भै सकेका छन् । अब हामी यहाँ जनताहरु रोगबाट सिटामोल खान पाएका छैनौं सभामुखज्यू। हामी त सहरमा बसेका छौं। गाउँमा जाँदा भूगोल हाम्रो दुरदराज गाउँमा जाँदा सिटामोल नपाएर कोरोनाबाट ज्यान गएको पनि चेक गर्न अहिले डराएका छन् जनताहरु। फेरि कोरोना भन्दिन्छन्। आफ्नो लाश आफैले चिहार्न नपाउने। त्यो कारण पनि भएको छ विभिन्न ठाउँमा। त्यसैले, सरकारलाई म के आग्रह गर्छु भने अहिले यो भाछ र त्यो भाछ भन्दापनि त्यो कामको वा त्यो कामको लागि कष्ट गर्ने जनतालाई हुने सहुलियत जनतालाई हुने कामहरुमा अगाडि बढिदिनु हुन म आग्रह गर्छु। हस्पिटल खोलिन्छ। यो हस्पिटल खोल्ने, अघि माननीय साथीहरुले भन्नु भयो हस्पिटल खोलिन्छ त्यो बेला कुन बेला निर्णय भाको कुरा आज खोलियो। हामीले गरेको भनिने प्रष्ट भाकोछ। आज नेपाली काँग्रेसले अप्ठ्यारो पर्दा त नेपाली काँग्रेस नै चाहिने रहेछ सभामुख महोदय। मेरो आग्रह के छ भने हामीले प्रस्ताव, संकल्प प्रस्ताव पेश गर्दा हुँदैन भनेर संकल्प प्रस्ताव नचाहिने भन्ने साथीहरुलाई म आज प्रश्न गर्न चाहन्छु। आज पनि संकल्प प्रस्तावको बारेमा धेरै व्यथा कथाहरु आयो तर मेरो आग्रह के छ भने हामी जनतालाई झुक्याउन चाँहदैनौं। अहिले चाहिने छ। हामीले भनेका कुराहरु सबै हुन्छ भन्ने कुराहरु हाम्रो मुखमा आउँदैन तर जनतालाई अप्ठ्यारो परेको बेलामा हामीले गर्छौं भन्ने कुरा तपाईंलाई प्रष्ट गर्न चाहन्छु। हामी खान नपाएका जनतालाई, भोकमरी परेको जनतालाई, उपचार गर्न नपाएको जनतालाई, कुन रुपमा हेरेका छौं सभामुख महोदय? यति सिटामोल दिएं, यति पि.सि.आर. गरें भन्ने नारामा मात्रै सरकार म बसेको औचित्य हुँदैन जस्तो मलाई लाग्यो सभामुख महोदय। मलाई यहाँ प्रधानमन्त्रीले गरेको संविधानको एउटा घाटा नाफा भन्ने साथीहरु पनि यहाँ हुनुहुन्छ तर म त्यतापट्टि कोल्ट्याउन भन्दापनि  गण्डकी प्रदेशको जनताले घाटा नाफा हिसाब गर्न नपरोस् । सबैलाई गण्डकी जनतालाई गण्डकी प्रदेशका जनतालाई फाइदै हुने काममा हामी सोच्नु पर्छ त्यसो भए मात्रै हामी टेबुलमा बसेर बोल्न पाउने अवसर मिल्छ। यो चाँहि अवगत हुनलाई गण्डकी सरकारमा बस्ने साथीहरुलाई म आग्रह गर्छु र

आज पि.सि.आर.को वातावरण पि.सि.आर.को रिपोर्टहरु सधैं भन्ने गरेछौं हामी पि.सि.आर. चाहियो, पि.सि.आर. चाहियो तर जनतालाई बचाउने वाचाहरु पनि गर्नु पर्छ। पि.सि.आर. सँगसँगै पि.सि.आर.को रिपोर्ट घटाउने रोग छैन भनेर बाहिर व्यापक गरेर त हुँदैन नि सभामुख महोदय। मैरो आग्रह छ यस अवस्थामा फेरि अर्को नयाँ कोभिड अझ खतरा कोभिड आउँदै छ भन्ने सुनेको छ। कोभिड नाम के के भएर आउँछ पछि। त्यो आउने भन्दा पहिला नै हाम्रो खोपको व्यवस्था गण्डकी प्रदेशमा शुरु गर्नु पर्छ जस्तो मलाई लागेको छ। खोप अन्तलाई सकेपछि, अन्त भईसकेपछि हामीले गऱ्या छौं भनेर सरकारमा बसेर त्यो आवाज गर्नु भन्दा पहिला नै नयाँ खाका ल्याउनु पर्छ भन्ने मलाई लाग्दछ। यो खाका तयार गरियो भने जनताको भलो, हाम्रो भलो र गण्डकी प्रदेशको भलो गण्डकी प्रदेशका जनता हाँसेको हेर्न पाइन्छ त्यसो भयो भने मात्रै हामी यहाँ बसेको रोष्ट्रममा बोलेको औचित्य हुन्छ। म सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउँछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री चन्द्रमोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री मोहन प्रसाद रेग्मी।

## माननीय चन्द्र मोहन गौचन

माननीय सभामुख महोदय, कोभिड-१९ को विद्यमान संक्रमित अवस्थाको सन्दर्भमा विशेष अधिवेशनमा संकल्प प्रस्ताव दर्ज भएको छ। हामी यस सम्मानित सभामा घनिभूत ढंगमा हामी छलफलमा अगाडि बढि रहेका छौं। सभामुख महोदय, आज हामी यस गरिमामय सदनमा यस संकल्प प्रस्तावमा विशेषतः यसमा विशेष विभिन्न सार्वजनिक विषयमा रहेर हामी छलफलमा अगाडि बढनु पर्छ भन्ने मलाई लाग्दछ। सभामुख महोदय, आज विशेषतः यस विशेष अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्दै ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु र घाइते, अपाङ्ग प्रति स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। सभामुख महोदय, आज हामी यो विशेष अधिवेशन पाँचौं दिनमा प्रवेश गरिरहेका छौं। आज मलाई पनि केही कुराहरु भन्न मन लागि रहेको छ। आज हामी हिउँदे अधिवेशन आउनु भन्दा अगाडि विभिन्न विषयमा विशेष अधिवेशन डाकिएको छ।

यस विशेष अधिवेशनमा, अहिलेको परिस्थितिमा यो कोरोना संक्रमणको रोगलाई कसरी व्यवस्थित गर्ने भन्ने सवालमा यो विशेष अधिवेशन विशेषतः यसलाई मध्यनजर गरेर प्रतिपक्ष साथीहरुले दलले राखेको यो विशेष अधिवेशनमा विशेषतः यहि विषयमा हामी केन्द्रिकृत हुनु पर्ने थियो तर आज मलाई भन्नै पर्छ राष्ट्रिय राजनीतिको विषयलाई लिएर यहाँ आरोप प्रत्यारोप भई रहँदा मलाई दुःख पनि लागि रहेको छ। आज यो विशेष अधिवेशनमा हामीले गर्नुपर्ने कार्यहरु के हुन? कुन कुन विषयमा हामी अगाडि बढदाखेरि सरकारलाई सहयोग गर्न सकिन्छ? गण्डकी प्रदेशका प्रभावित भएका, कोभिडबाट संक्रमण भएका प्रभावित क्षेत्रलाई कसरी राम्रो ढंगले अगाडि बढन सकिन्छ भन्ने विषयमा घनिभूत ढंगले छलफल गर्नुको सट्टा हामी आरोप प्रत्यारोपमा हामी लागि रहेका छौं। हामी आज लोकतन्त्रलाई संस्थागत ढंगले अगाडि बढाउनुको लागि सम्माननीय प्रधानमन्त्रीज्यूले वैशाखको १७ र २४ अ १७ र २७ गते निर्वाचनको घोषणा पनि गरिसक्नु भएको छ। लोकतन्त्रमा जनताको बिचमा जानु के यो अलोकतान्त्रिक हो? असंवैधानिक हो? अप्रजातान्त्रिक हो? भन्ने कुराहरु यहाँ साथीहरुको आवाजमा आएको देख्दा म अच्मभित भएको छु। आज गण्डकी प्रदेशमा करिब २४ लाख जनसंख्या भएको ठाउँमा आज करिब १४-१५% गरिबीको रेखामुनि रहेका जनताहरुको बारेमा हामीहरु अझ पनि चिन्तित भई सकेका छैनौं। हामी गरिब जनतालाई कसरी उजागर गर्ने भन्नेतिर हामी नगईकिन आज मैले देखि रहेको छु यो पाँचौं दिनको दौरानमा विशेष अधिवेशनमा यहाँ दाँत किटाएर आफ्ना कुराहरु राखिरहेका छन्। मैले भन्न भन्नु पर्दा गरिब जनताको लागि हामीहरुले उनीहरुलाई कसरी उजागर गर्ने भन्नेतिर हामी ध्यान नराखिकन आज हामीले आफ्नो व्यक्तिगत स्वार्थको लागि र आफ्नो आफूले भनेको अवस्था नभएको अवस्थामा विविध कुरामा आरोप प्रत्यारोप गर्नु त्यति युक्तिसँगत थिएन भने मलाई लागेको छ। सभामुख महोदय, मैले विषयवस्तु विषय भन्दा अलिकति टाढा गएर मैले कुरा राखें यसमा क्षमाप्रार्थी गर्दै मेरा आफ्नो विषयमा म जान चाहन्छु। सभामुख महोदय, नेपालमा पहिलो पटक २०७६ माघ ९ गते कोभिड-१९ संक्रमण पुष्टि भएको थियो। त्यस बखतसम्म यस प्रदेशमा कोभिड-१९ संक्रमण नियन्त्रण तथा

उपचारको लागि आवश्यक भौतिक पूर्वाधार प्रयोगशाला, अनुभवी स्वास्थ्य जनशक्ति, यन्त्र उपकरण तथा अन्य स्वास्थ्य सामाग्रीको अभाव थियो। यस प्रकारको विषम परिस्थितिलाई संयमताका साथ एकीकृत रुपमा व्यवस्थापन गर्दै अगाडि बढि रहेको गण्डकी प्रदेश सरकारले सबै क्षेत्रको साथ र सहयोगबाट कोभिड-१९ नियन्त्रणमा तुलनात्मक रुपमा सफलता प्राप्त भएको सर्वविदितै छ। सभामुख महोदय, सरकारको सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी कोभिड-१९ को संक्रमण रोकथाम प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन गर्न माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय निर्देशक समितिका साथै मन्त्रीस्तरीय अनुगमन, समन्वय र कोष व्यवस्थापन समिति र विभिन्न दश वटा विषयगत समितिहरु समेत गठन गरी परिचालन गरिएको कारण पनि उच्च संक्रमण युक्त कोभिड-१९ महामारीको नियन्त्रण एवम् व्यवस्थापन कार्यलाई सहज व्यवस्थित एवम् प्रभावकारी बनाउन मद्दत पुगेको छ। संक्रमण बढदै गएको सन्दर्भमा सबै जिल्ला अस्पतालहरु र सामुदायिक र नीजि क्षेत्रका स्वास्थ्य संस्थाहरुमा समेत गरी चालिस वटा आइसोलेशन केन्द्रमा १४१३ शैय्या व्यवस्था गरी संक्रमितहरुको व्यवस्थापन एवम् उपचार भई रहेको छ। आइसोलेशन केन्द्रको स्थापना स्तरोन्नति एवम् सुधारका लागि प्रदेश सरकारबाट जम्मा रु.४,३७,८८,०००/- निकास भएको थियो भने कतिपय केन्द्रको स्थापना एवम् संचालनमा स्थानीय तहसम्म समेत सहकार्य भई रहेको छ। सभामुख महोदय, तत्कालीन अवस्थामा प्रदेशका मुख्य नाकाहरु स्याङ्गजाको राम्दी, तनहुँको आँबुखैरेनी, नवलपुरको नवलपरासीको बर्दघाट, सुस्तापूर्वको दाउन्ने र गैंडाकोटमा हेल्थडेस्क स्थापना गरी संचालन गरिएको थियो। यसैगरी प्रदेशका सबै अस्पताल, स्वास्थ्य केन्द्र तथा तोकिएका अन्य महत्वपूर्ण स्थानहरुमा ज्वरो क्लिनिक स्थापना तथा संचालन गरिएको थियो। यसबाट शंकास्पद संक्रमितहरुको नियन्त्रण गर्न सहज भएको थियो। सभामुख महोदय, ४४ वटा स्थानीय तहहरुमा संचालित क्वारेनटाइन व्यवस्थापनको जिम्मेवारी स्थानीय तह तथा स्थानीय प्रशासनबाट भएको व्यक्तिहरुको खाना खर्च वापत रु.१,५३,००,०००/- निकासा दिइएको थियो। कोभिड-१९ संक्रमणको शुरुवाती चरणमा प्रदेश सरकारले आफ्नै पहल र प्रयासमा

प्रदेशस्तरीय क्वारेन्टाइन स्थापना समेत गरेको थियो। कोभिड-१९ को कारण बेरोजगार भएका अति विपन्न तथा सिमान्तकृत नागरिक भोकभोकै बस्नु नपरोस् भन्ने उद्देश्यका साथ तत्काल राहत पुर्‍याउन पनि प्रदेश सरकारले स्थानीय तह तथा जिल्ला संकट नियन्त्रण एवम् व्यवस्थापन समिति डि.सि.सि.एम.सि. मार्फत रु. ६,५०,००,०००/- र जिल्ला संकट नियन्त्रण एवम् व्यवस्थापन समितिलाई रु.२,२५,००,०००/- गरी कूल रु.८,७५,००,०००/- निकासा भएको थियो। सभामुख महोदय, कोभिड-१९ संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारका लागि आर्थिक अभाव हुन नदिन प्रदेश सरकारले कोभिड-१९ को रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना तथा संचालन गरेको थियो। यस कोषमा प्रदेश सरकारको तर्फबाट तीस करोड र जनप्रतिनिधि कर्मचारी विभिन्न व्यक्ति तथा संघसंस्थाहरुबाट निरन्तर रुपमा सहयोग प्राप्त भई रहेको थियो। प्रथम पटक कोभिड-१९ संक्रमण पुष्टि हुँदा नेपालमा पि.सि.आर. परीक्षणको व्यवस्था नभएको कारण परीक्षणका लागि स्वाबको नमूना हंङ्कग पठाउनु परेको अवस्था यहाँ स्मरण गराउन चाहन्छु। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला पि.सि.आर. परीक्षण सेवा शुरु भएपछि संक्रमणको शुरुवाती चरणमा पि.सि.आर. परीक्षणका लागि नमूना संकलन गरी काठमाडौं पठाउने गरिएको थियो। प्रदेशमै पिसिआर परीक्षण गर्ने व्यवस्थाका लागि प्रदेश सरकारले शुरुवातमा दुई जना प्रयोगशालाकर्मी प्राविधिकहरुको सहयोगमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा २०७६ चैत्र १८ गतेदेखि पि.सि.आर. नमूना परीक्षण कार्यको शुरुवात गरिएको थियो। दुई जना विज्ञ प्राविधिकहरुबाट प्रदेशका चार जना प्राविधिकहरुलाई अनसाइट तालिम दिई आफ्नै दक्ष जनशक्ति उत्पादनको शुभारम्भ गरिएको थियो। तिनै चार प्राविधिकहरुको सहयोगबाट थप चौबिस जना जनस्वास्थ्य स्वास्थ्य प्राविधिकहरुलाई पनि सोही तालिम दिई हाल ल्याबमा काम गर्न सक्ने अठ्ठाइस जना दक्ष जनशक्ति तयार गरिएको छ।हाल बाग्लुङ्ग र नवलपुरमा पि.सि.आर. परीक्षणको तयारी भई रहेको छ। सभामुख महोदय, कोभिड-१९ संक्रमण दर उच्च रहेको बेलामा पि.सि.आर. परीक्षणको दायरा एवं संख्यामा व्यापक वृद्धि गरिएको थियो। कोभिड-१९ संक्रमणको उच्च जोखिम रहेको क्षेत्र एवं व्यक्तिहरुलाई प्राथमिकतामा राखि

समुहगत परीक्षणको व्यवस्था गरिएको थियो। जस अनुसार संक्रमणको उच्च जोखिम रहेका स्वास्थ्यकर्मीहरु, क्वारेनटिन तथा आइसोलेशनमा कार्यरत स्वास्थ्यकर्मी एवं कर्मचारीहरु, सुरक्षाकर्मीहरु, फोहोर मैला संकलन तथा व्यवस्थापन गर्ने र कबाडी संकलन गर्ने व्यक्तिहरु, उद्योग कलकारखानामा कार्यरत व्यक्तिहरु, भिडभाड हुने ठाउँमा विभिन्न पसलहरुलाई उच्च प्राथमिकतामा राखि परीक्षणको दायरा फराकिलो बनाइएको थियो। सभामुख महोदय, प्रदेश अन्तर्गतका सबै अस्पतालहरुमा भेन्टिलेटर सहितको संकलन उपचार कक्ष संचालन गर्न खासगरी एनेस्थिसिया र फिजिसियन दरबन्दीको आवश्यकता हुने र अस्पतालमा त्यस प्रकारको जनशक्तिको सख्त, सख्त अभाव देखिएको हुँदा केही वित्तीय प्रोत्साहनको प्याकेज सहित अस्थायी दरबन्दी सिर्जना गर्ने प्रकृया अघि बढाइएको छ। यसका लागि संक्षिप्त

**(माननीय सभामुख - माननीय सदस्य समय सिद्धियो)**

सर्भेक्षण अध्ययन सम्पन्न भई सकेको छ। यस प्रकारले विशेषज्ञ जनशक्ति पूर्ति गर्न त्यति सहज नभएता पनि उत्प्रेरणा प्याकेज पुनरावलोकन गरेर भए पनि त्यस्तो जनशक्तिको पदपूर्ति गर्ने व्यवस्थाको प्रस्ताव स्विकृतिको लागि पेश भएको छ।

**(माननीय सभामुख - माननीय सदस्य समय सिद्धियो)**

अन्त्यमा कोभिड-१९ को विरुद्धको अभियानमा सबैको साथ र सहयोग प्राप्त हुने अपेक्षा सहित मेरो भनाई यहिं अन्त गर्दछु। हवस् त धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री मेखलाल श्रेष्ठ।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यू, आज हामी यो विशेष अधिवेशनमा कोभिड-१९ को सन्दर्भ र त्यसको संकल्प प्रस्तावको सन्दर्भमा छलफल गर्न उपस्थित भएका छौं। हामीलाई थाहा छ यो विशेष अधिवेशनमा एउटा संकल्प प्रस्ताव छलफल गरी रहँदा विगतको पनि समिक्षा गर्नुपर्ने हुन्छ। यस भन्दा अगाडिको संकल्प प्रस्ताव, त्यो संकल्प प्रस्ताव केवल एउटा राजनीतिक दल वा दुई वटा राजनीतिक दलले यो सरकारका काम कारवाही वा त्यसको सन्दर्भमा सर्वदलीय रुपमा छलफल नगरिकन जुन ढंगले प्रस्ताव आएको थियो, सहमति सहकार्यका साथ संकल्प प्रस्ताव सम्माननीय संसदमा प्रस्तुत गर्ने र त्यसलाई पारित गर्दा सबैको सहमति, सबैको प्रतिबद्धता र त्यसको कार्यान्वयनको पक्षमा सफलता प्राप्त गर्छ भन्ने कुरालाई पनि मध्येनजर गर्दै त्यति बेला उठाइएका विषयहरु सरकारले, प्रदेश सरकारले आफ्नो कार्ययोजना वा कार्यान्वयन गर्ने सन्दर्भमा कति प्रतिशत काम गर्न सक्यो त्यो एउटा समिक्षाको विषय होला तर त्यसको निरन्तरता थियो। त्यो संकल्प प्रस्ताव पश्चात् अहिले हामी यो साझा संकल्प प्रस्ताव लिएर उपस्थित भएका छौं। संसदमा प्रतिपक्षी दलको नेता, प्रमुख प्रतिपक्षी दलको नेताले प्रस्तावक र अरु दल सबै दलले समर्थन प्राप्त, समर्थन सहित प्रस्तुत भएको यो प्रस्ताव प्रतिपक्षको मात्रै हो भन्ने ढंगले बुझ्नु भएन। यो सबैको साझा सवाल हो, साझा दस्तावेज हो जसले यो प्रदेशका जनताको स्वास्थ्य सम्बन्धी उपचारको सन्दर्भमा होस्। त्यसको व्यवस्थापनको सन्दर्भमा होस् अर्थात् एउटै शब्दमा भन्ने हो भने नागरिकको स्वास्थ्य जीवनसँग जोडिएका विषयहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने ढंगले आएका विषयहरु छन् र यसलाई म समर्थन गर्न चाहन्छु र यसको कार्यान्वयनको सन्दर्भमा सरकारले यो संसदका माननीय सदस्यले उठाएका विषयहरु र सरकारको ध्यानाकर्षण हुने र सरकारले पनि यसलाई तीव्र गतिका साथ आफ्नो कार्ययोजनाका साथ अगाडी बढाउने कुरामा म विश्वस्त छु। विशेष गरेर १३ बुँदामा भएको यो संकल्प प्रस्तावमा धेरै विषयहरु उठेका छन्। यी विषयहरुले विगतमा सरकारले गरेका कामको सन्दर्भमा माननीय मन्त्रीज्यूले पनि यहाँ प्रस्तुत गरिसक्नु भएको छ। त्यतातिर म प्रवेश गर्न चाहन्न। जहाँ हामीले उठायौं विषय पि.सि.आर.को सन्दर्भमा यो १३ बुँदे सन्दर्भमा पि.सि.आर.को

परीक्षण, व्यवस्थापन र त्यसको प्रभावकारीताको सम्बन्धमा कुरा उठाएका विषयहरु छन् । यी विषयहरुलाई मलाई लाग्छ आगामी दिनमा विगतमा भएका गतिविधिहरु त्यस्को थप प्रभावकारी ढंगले बनाउने अगाडि बढने छ। त्यसले सार्थकता पनि पाउने छ। अर्को विषय यस भित्र भौतिक पूर्वाधार र स्वास्थ्य सामाग्रीको सन्दर्भ हामी खोपसम्मका कुरा गरेका छौं। यी विषयहरु हस्पिटल निर्माण गर्नेदेखेर क्वारेनटाइन बनाउने सम्मका विषयहरुदेखि सबै विषयहरु यो भौतिक पूर्वाधार स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने, त्यसको व्यवस्थापन गर्ने र आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने सन्दर्भमा अझै पहुँच पुगेन जनताको बिचमा पुग्न सकेन। त्यसलाई अझै व्यवस्थित गरौं भन्ने ढंग आएको छ र यसलाई व्यवस्थापन गर्ने सन्दर्भमा स्वाभाविक रुपले सरकारले विशेष ध्यान दिने छ भन्ने मलाई लाग्दछ। हामीले कुरा उठाएका छौं। स्वास्थ्य जस्तो संवेदनशील विषयमा दक्ष जनशक्ति हुन सकेन भने, दक्ष जनशक्तिलाई परिचालन गर्न सकेन भने जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ भन्ने कुरामा पनि ख्याल गर्दै, दक्ष जनशक्ति व्यवस्थापन गर्ने संघीय सरकार, प्रदेश र स्थानीय तहसम्म यसको व्यवस्थापन गर्ने सन्दर्भमा विशेष ध्यान दिने। यो संकल्प प्रस्तावमा कुरा उठेको छ। यसको लागि दक्ष जनशक्तिलाई आवश्यक पर्ने आर्थिक र संघीय सरकारको सहयोग र प्रदेश सरकारको आफ्नो क्षमतालाई प्रयोग गरेर पनि दक्ष जनशक्तिको माध्यमबाट अगाडि जानु पर्छ भन्ने विषयलाई उठाएको र यो पनि मैले महसुस गरेको छु र यसलाई अनुगमनको सन्दर्भमा प्रभावकारी बनाउने, संसदीय समिति बनाउने, जुन कुरा उठेको छ माननीय सदस्यहरु यो अनुगमन गर्ने सन्दर्भमा आफ्नो भूमिका निर्वाह गर्दै, यसको व्यवस्थापन गर्ने, यसको सुशासन कायम गर्ने, आर्थिक पारदर्शिताको सन्दर्भमा पनि विशेष ध्यान जानेछ र त्यो ढंगले पनि यो संकल्प प्रस्तावले विषयहरु उठाएको छ र मैले अनुभव गरेको कुरा के छ भने विगतमा आफ्नै हस्पिटलहरु थिएनन् आफुसँग दक्ष जनशक्ति थिएन, अनि त्यो भएको भएर संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहसँग समन्वय गरेर उपचारको सन्दर्भमा जुन खालको आतंक मच्चिएको थियो, जुन खालको त्रसित वातावरण थियो, त्यो वातावरणलाई सामान्यिकृत गर्ने कुरामा

कुरा उठाउन मात्रै होइन अहिले त्यसको सोलुशन कसरी हुन्छ भन्ने विषयमा पनि योजनाबद्ध ढंगले अगाडि बढेको कुरालाई नकार्न सकिदैन। पहिलो पटक संक्रमण देखिएपछि गण्डकी प्रदेशको यो जनताको बिचको जुन खालको एउटा आतंक थियो त्यसलाई सचेतना पुऱ्याउने सन्दर्भमा, उपचारको सन्दर्भमा र त्यसको व्यवस्थापनको सन्दर्भमा मुख्यमन्त्रीको नेतृत्वमा निर्देशन समिति, उच्च-स्तरीय निर्देशन समिति बनाउने देखि मन्त्रीस्तरीय जुन खालका संयन्त्र निर्माण गरिए ती संयन्त्रले काम गर्ने सन्दर्भमा मलाई लाग्छ प्रभावकारी भूमिका निर्वाह गरेको हो तर हाम्रो सिमित साधन र श्रोत, हाम्रो व्यवस्थापन र हाम्रा चुनौतिहरुलाई सामना गर्न यो सबैको साझा विषय हो। त्यो साझा विषयमा हामी सबै अगाडि बढनु पर्छ र त्यो ढंगले जाने कुराले यो संकल्प प्रस्ताव अगाडि ल्याउने कुराले विगतमा हामीले प्रदेश सरकारले गरेका काम, त्यसको प्रभावकारिता र यस भन्दा पछाडी आउने चुनौतिहरुलाई सामना गर्नको लागि हामी अगाडि बढनु पर्छ भन्ने उद्देश्यका साथ यो साझा प्रस्ताव आएको छ। यसले जनताको स्वास्थ्यको, जनताको जिउधनको रक्षा गर्ने सन्दर्भमा थुप्रै समस्याहरु विगतमा हामीले हेर्यौं। लकडाउनको समस्या किन नहोस्। आर्थिक परिचालनको सन्दर्भमा किन नहोस्। हामी स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन गर्न नसक्दाखेरि जुन खालका पिडाहरु भोगेका थियौं त्यो विस्तारै सहजता तिर गई रहेको छ र आगामी दिनमा प्रदेश सरकारको नेतृत्व, संघीय सरकार र प्रदेश सरकारको समानढंगले अगाडि बढि रहने कुरा स्वाभाविक छ। हुन त म त्यो राजनीतिक बहस तिर जान चाहन्न तर यहाँ प्रश्न उठेको छ। हामी लोकतन्त्रमा विश्वास गर्छौं भन्छौं अनि कतै प्रतिगमनका कुरा पनि उठाई दिएका छौं। शायद यस भन्दा अगाडि संघीय सरकारले जुन गतिमा काम गर्न लागि रहेको थियो त्यो गतिमा काम गर्ने सन्दर्भमा राजनीतिक दलहरु वा विभिन्न क्षेत्रबाट सहयोग भयो वा यो वा त्यो बहानामा काम गर्ने, द्रुत गतिमा काम गर्ने सन्दर्भमा संघलाई संघबाट प्रदेशमा अधिकारहरु ल्याउने र त्यसलाई व्यवस्थापन गर्ने सन्दर्भमा यो प्रदेशको मुख्यमन्त्री वा यो संसदमा उठाइएका विषयलाई कार्यान्वयन गर्ने सन्दर्भमा हामी कति सहयोगी बन्न सक्यौं यो एउटा विषय हो । हामीले उठाउने गरेका छौंैं।

**(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)**

लोकतन्त्रमा विश्वास गर्नेहरु विगतमा भएका संसद विघटनका सन्दर्भमा हेर्ने हो भने सबै प्रतिगमन थिए भन्ने व्याख्या नगरिकन लोकतन्त्रमा जनता सामु जाने कुरालाई, यो जनताको सवाललाई, जनतासँगै लै जानेलाई कुरालाई, सान्दर्भिक मानेर अगाडि जानु पर्छ भन्ने कुरा राख्दै आफ्नो भनाई अन्त्य गर्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, आज हामी यो प्रदेश सभाको विशेष अधिवेशनको विशेष समयमा यो प्रदेश सभा नियमावलीको ८५ को (१) अनुसार हामीले एउटा संकल्प प्रस्ताव प्रस्तुत गरेका छौं। मलाई अत्यन्त धेरै खुशी लागेको छ। कम से कम गण्डकी प्रदेशमा पनि आज जसरी माननीयज्यूहरुलाई पहिला पहिला विरगञ्जमा ताङ्गा चढन जाँदा मैले ताङ्गाको दुईटा आखाँमा एउटा पट्टि लागेर खाली यो अगाडि मात्रै देख्ने एउटा ताङ्गाको पट्टि भन्ने एउटा चलन थियो कम से कम त्यो ताङ्गाको पट्टि धेरै माननीयहरुलाई त खुलेछ तर कोही कोही माननीयहरुलाई अहिले पनि बिचरा के गरुन साउनमा आखाँ फुटेको गोरुले संधैं हरियो देख्छ भन्ने कुरा अहिलेसम्मन पनि केही केही माननीयहरुलाई लागेकै रहेछ। आशा छ समय छ त्यसको परिवर्तन अवश्य हुन्छ र हुनुपर्छ। नेपाली काँग्रेसले कहिलेपनि संसदीय परम्परा मान्दै आउँदा नेपाली काँग्रेस त्यस्तो पार्टी हो जसले नेपाली जनतालाई अगाडि पृष्ठभूमिमा राखेर नेपाली जनताको अधिकार के हो? नेपाली जनतालाई चाहिएको के थियो? त्यसको विषयमा नेपाली काँग्रेसले सदनमा होस् या सडकमा, कहिले पनि भावावेशमा आएर होइन यथार्थमा उत्रिएर नेपाली जनताको पक्षमा वकालत गर्न चाहेको थियो र गरेको छ र प्रदेश सभामा पनि नेपाली काँग्रेसले यो कोभिड विरुद्धको जब छिमेकी देश चाइनाबाट शुरु भयो र नेपालमा पनि प्रवेश गऱ्यो र गण्डकी प्रदेशमा प्रवेश गर्दैगर्दा नेपाली काँग्रेसका माननीयज्यूहरु, हाम्रा

दलका संसदीय दलको नेता, सबै माननीयज्यूहरु सशरिर उपस्थित नभएतापनि हामीले प्रविधिलाई प्रयोग गरेर मुख्यमन्त्रीज्यूलाई, गण्डकी प्रदेशको सरकारलाई समय समयमा सहयोगको भावना स्वरुप यो रोग कसैको होइन, नेपाली जनताको हो। हामी सबै नेपाली जनताका प्रतिनिधि हौं भन्ने भावनाका साथ हामीले सहयोग गर्नका लागि सुझावहरु धेरै दियौं। हामीले लिखित रुपमा दियौं, भेटेर दियौं, हामीले निवेदनको रुपमा दियौं, हामीले त्यसलाई अलिकति बढि भएर हामीले त्यसलाई मुख्यमन्त्रीकै गएर मुख्यमन्त्रीलाई अझै बढि प्रेशर दिनको लागि सबै साथीहरुलाई लगेर यो कार्यान्वयन गर्नु पर्दछ। नेपाली जनता, प्रदेशको जनता यो रोगबाट पिडित मात्रै होइन भोकबाट पनि पिडित हुन्छ। नेपाली काँग्रेसले समस्या मात्रै देखाएन, नेपाली काँग्रेस त्यस्तो पार्टी हो जसले समस्या मात्रै देखाउँदैन, यसले समाधानको उपायहरु सहित मुख्यमन्त्रीज्यूकहाँ ज्ञापन पत्र बुझाएको थियो। स्मरण रहोस् त्यो ज्ञापन पत्रमा मुख्यमन्त्रीज्यूले एकदम सभ्य भाषामा हामीलाई तपाईंले सुझाव दिनु भो यो आवश्यकता हो कार्यान्वयन गर्छु भन्नु भयो तर दुर्भाग्य सिद्धान्तै त्यस्तो हो कि या नियतीले त्यस्तो बनायो ? नियतीले त्यस्तो बनाएको होइन भने हामीले फेरि धेरै चोटि यहि रोष्ट्रममा खडा भएर गण्डकी प्रदेशको सरकारलाई घच्घचायौं भन्यौं यो जनतालाई पि.सि.आर.को परीक्षण बढाउ, औषधी उपचारहरु खोज, जसरी अहिले स्थानीय निकायहरुले दिनरात खटेर आफ्नो बलबुताले भ्याएसम्मन स्रोत साधन नभएतापनि जसरी आज एउटा इज्जत राखदिएको छ प्रदेश सरकारको पनि त्यत्तिकै भूमिका कायम गर्नु पर्दछ। प्रदेशको सरकार भएर मात्रै हुँदैन। सरकारको अनुभूति जनतालाई हामीले दिनु पर्दछ भनेर हामीले घच्घचायौं। बाध्य भएर सदन अवरुद्ध गर्‍यौं त्यति मात्र नभएर हामीले संकल्प प्रस्ताव पनि राख्यौं। संकल्प प्रस्तावको विषयमा यहाँ कुरा आए। होइन नेपाली काँग्रेसले नेपाली काँग्रेस पार्टीको लागि र आफ्नो भोटरको लागि मात्रै संकल्प प्रस्ताव राखेको थिएन। गण्डकी प्रदेशको सरकारलाई बेला बेलामा सजग बनायो। त्यहाँमात्र पुगेन होइन नेपाली काँग्रेस नेपाली जनताको जुन मत लिएर आज यो गण्डकी प्रदेशमा प्रतिपक्षको भूमिकामा छ। नेपाली जनता दुःख पाउँदा, औषधी नपाएर मर्दा, हस्पिटलको बेड नपाएर छटपदिंदा र खाना नपाएर बाटो

घाटोमा, ट्याक्सीमा मर्नु पर्दा चुप लागेर बस्नु हुँदैन। सरकारलाई सम्बन्धित ठाउँबाटै जो नेपाली जनताले बोल्नको लागि, समस्या समाधान गर्ने थलो यो प्रदेश सभा छ। त्यहिंबाट नै औपचारिक रुपमा जनताको कुरा बोल्नु पर्दछ। त्यसपछि सरकारलाई अझै बढि राहत मिल्छ र सरकार निदाएको छ भने बिउझंन्छ भनेर एउटा अठोठको साथ हामीले संकल्प प्रस्ताव राखेका थियौं तर दुर्भाग्य त्यो बेलामा सरकारले बुझेन, जुन मैले अघि नै भनिसकें ताङ्गाको ट्याग जस्तै काँग्रेसले भनेको अरु प्रतिपक्षले भनेको कुरा सुन्नु हुँदैन त्यो सुन्यो भने काँग्रेस पोपुलर हुन्छ। काँग्रेसले जनताको कुरा उठाउँदा पनि हामीले त्यसलाई डाइभर्ट गर्नु पर्दछ भन्ने मान्यता थियो र आज त्यसलाई गण्डकी प्रदेशमा सहभागी हुने सम्पूर्ण दलहरुले जुन एउटा १३ बुँदे आजको संकल्प प्रस्तावलाई सर्वसम्मत रुपमा, सर्वस्विकार्य रुपमा, आज यो गण्डकी प्रदेशको सदनमा प्रस्तुत गर्ने एउटा जुन जमर्को गर्नु भएको छ त्यसको लागि हामी गण्डकी प्रदेशका सभासदहरु खुशी हुनु स्वाभाविककै हो। त्यस माथि नेपाली काँग्रेस जसले नेपाली जनताको जल्दो बल्दो समस्याको लागि संधै जनतालाई अग्रभागमा राखेर जनताको पक्षमा बोल्दै, चाहे त्यो राणा शासनमा होस् चाहे त्यो राजा शासनमा होस् या अन्य कुनै शासनमा आफूलाई पछाडी राख्न चाहेन संधै जनता भन्यो ढाँटन जानेन। गर्नु पर्दछ, बोल्नु पर्दछ, सक्ने कुरा मात्रै भन्ने दृष्टान्त आज जुन यहाँ आएको छ। धेरै खुशी लागेको छ मलाई व्यक्तिगत रुपमा र मलाई नेपाली काँग्रेसको पार्टीको रुपमा तर दस्तावेज मात्रै केही हुँदैन। गण्डकी प्रदेशको सरकारलाई आग्रह गर्न चाहन्छु। धेरै कुरा मन्त्रीज्यूले भन्नु भयो यही रोष्ट्रमबाट मुख्यमन्त्रीज्यूले भन्नु भएको थियो। आज हामी यो देशको समस्या यो प्रदेशको समस्याको विषयमा रोगसितको मात्रै होइन भोकसितको, रोजगारीसितको, महँगाईसितको विरुद्धमा जसरी आज एकजुट भएर अगाडि बढन तयार भएका छौं। के सत्तापक्ष, के प्रतिपक्ष, हाम्रो अर्जुनदृष्टि खाली नेपाली जनता प्रदेश जनता हो भन्ने कुरा महसुस गर्न थालेका छौं। आशा छ यहि महसुस हामीले कार्यान्वयनमा ढाल्यौं भने कुनै पनि समस्या हुने छैन। यदि होइन, खाली जनतालाई ढाँटनको लागि, हामी सत्तामा टिकि राख्नको लागि, हामी जनप्रतिनिधि भई पोपुलर हुनको लागि फेरि पनि यो दस्तावेज ल्याएका छौं

भने त्यो भन्दा ठूलो दुर्भाग्य हुने छैन। हो धैरै माननीयज्यूहरु यो बाटोमा आई सक्नु भएको छ। केही माननीयज्यूहरुलाई अप्ठ्यारो होला हुनु स्वाभाविक पनि हो। त्यसको लागि पनि समय दिनु पर्छ। समयचक्र एक बजेर एकै चोटी चार बज्दैन, सवा एक, साढे एक, हुँदै पौने चार पछि चार बज्छ। हामीले व्यवस्था परिवर्तन गरि सक्यौं हाम्रो अब सोचलाई परिवर्तन गर्न जरुरी छ। सरकारलाई कुन बेलामा कसरी घच्घचाउने, त्यो घच्घचाउने काम प्रतिपक्षको त महत्वपूर्ण छँदैछ सत्तापक्षका साथीहरुले पनि सरकारले बिगार्न खोजेका काम जानेर या नजानेर, भुलवश, बाटो बिराएको खण्डमा, समय समयमा घच्घचाउन सकिएन भने उदहारण धैरै छन् यस्ता उदहारणहरु नेपालमा पनि समयक्रमले लिएर आई रहेको छ। त्यसलाई परिमार्जित गर्दै, त्यसलाई रोक्दै, नेपाली जनतालाई जोगाउन लोकतन्त्रलाई समुन्नत बनाउन र हामीले चाहेको प्रजातन्त्र लोकतन्त्र समाजवाद संघीयता समावेशी जस्ता कुराहरु दस्तावेजमा लेखेर होइन नेपाली जनताको घर घरमा, मन मनमा पार्नको लागि गल्ति गरेको खण्डमा, हामीले त्यसलाई सच्चाउनु पर्दछ समयमै सच्चाउनु पर्दछ। कोही मान्छे पोखरीमा नजानेर फाल हाल्न खोज्यो भने पौडिन जानेका छौ कि छैनौं

**(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)**

त्यो त धैरै गहिरो छ। याद गरेर मात्रै फंगाल्नु सम्झाउनु पर्यो। जबरजस्ति गर्न खोज्यो आत्महत्या गर्न खोज्या रहेछ भने त्यसलाई सकभर समातेर पाखा लगेर जोगाउनु पर्दो रहेछ। साथीहरुको त्यसैमा ध्यान जानेछ र यो संकल्प प्रस्तावको सम्पूर्ण धाराहरु त्यसरी नै

**(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)**

कार्यान्वयन हुनेछन् भन्ने पूर्ण विश्वासको साथ यो आफ्नो भनाई राख्दै विदा हुन्छु। हस् त जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब यो बैठक २०७७ साल माघ ५ गते दिनको १.०० बजे सम्मको लागि स्थगित हुन्छ।